जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक ५, २०७८ साल साउन ८ गते शुक्रबार, नेपाल संवत् ११४१ (August 23, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

## सकसमा देउवा

काठमाडौं । प्रधानमन्त्री भएको १२ दिन भइसक्दा पनि शेरबहादुर देउवाले मन्त्रिपरिषद् विस्तार गर्न सकेका छैनन् । यतिमात्र होइन उनले आफ्नो सचिवालय समेत गठन गरेका छैनन् । कोरोनाको कहरमा स्वास्थ्य मन्त्रालय नेतृत्वविहीन छ । देउवाले मन्त्रिपरिषद् विस्तारमा ढिलाइ गर्नुमा माधव नेपाल पक्षको द्विविधा र जसपाको विवाद प्रमुख कारण देखिन्छ ।

प्रधानमन्त्री देउवा एमालेबाहेकको सत्ता गठबन्धन बनाउन चाहिरहेका छन् । कांग्रेस नेतृत्वको पाँच दलीय गठबन्धनलाई बाँकी ८ पेजमा

## यातायात व्यवसायी आन्दोलनमा

काठमाडौं । भाडा समायोजन र कोरोनाविरुद्धको खोप माग गर्दै यातायात व्यवसायी आन्दोलनमा उत्रेका छन् । सातबुँदे माग राख्दै सवारीसाधनसहित व्यवसायीले प्रदर्शन गर्दा हिजो काठमाडौंको ट्राफिक अस्तव्यस्त बन्यो । व्यवसायीको आन्दोलनका कारण भाडाका सवारीसाधन चलेनन् ।

उनीहरूले वैज्ञानिक भाडा नीति २०६५ अनुसार यातायातको भाडादर समायोजनको माग गरेका छन् । यस्तै, पर्यटन यातायातको भाडादर बाँकी ८ पेजमा

# कालापानीमा भारतको सैन्य परेड, महाकालीमा ज्यादती

काठमाडौं । नेपाली भूभाग लिपुलेक, कालापानी र लिम्पियाधुरालाई नियन्त्रणमा लिएर तिब्बतमा रहेको हिन्दूहरूको धार्मिक स्थल मानसरोवरसम्म जाने बाटो निर्माणलाई भारतले झन् तीव्रता दिइरहेको छ । भारतीय रक्षामन्त्री राजनाथ सिंहले २०७७ वैशाख २६ मा नयाँदिल्लीबाट यो बाटो निर्माणको भर्चुअल माध्यमबाट शुभारम्भ गरेका थिए । नेपाली भूमि हुँदै मानसरोवर जाने 'सिंगल लेन' सडकको भिडियो कन्फरेन्समार्फत उद्घाटन गरेको १३ महिनापछि भारतका रक्षामन्त्री राजनाथ सिंहले थप प्रगति बाहिर ल्याएका हुन् ।

गत वर्ष उक्त सीमा विवादकै विषयमा परराष्ट्रमन्त्री संयुक्त संयन्त्र र सचिवस्तरीय संयुक्त संयन्त्रको वार्ता भए पनि भारतले सडक निर्माण कार्य रोकेको छैन । सीमा क्षेत्रमा सडक निर्माण गर्ने सुरक्षा निकाय बोर्डर रोड अर्गनाइजेशन (बीआरओ) लााई कैलाश मानसरोवर यात्राका लागि नयाँ बाटो निर्माण गरेको भन्दै रक्षामन्त्री सिंहले प्रशंसा गरेका छन् । यसले नेपाली भूभाग भएर निर्माण गरिएको सडकलाई भारतले कति महत्व दिएको छ प्रस्ट हुन्छ ।

जुन ११ मा भारतीय रक्षामन्त्री राजनाथ सिंहले नयाँदिल्लीबाट बीआरओलाई सम्बोधन गर्दै भनेका छन्- 'पछिल्ला पाँच/सात वर्षमा





बीआरओले नयाँ विश्वस्तरीय निर्माण थालनी होस् वा कैलाश मानसरोवर यात्राका लागि नयाँ मार्ग निर्माण होस्, बीआरओले नयाँ रेडर्क कायम गरेको छ । धार्चुला लिपुलेक सडक भारतले निर्माण गर्दा महाकाली किनारतर्फको घोडेटो बाटो समेत चट्टान खसेर भत्किएको थियो । महाकाली नदीवारि नेपालतर्फको बाटो भत्काउने र नदीको प्राकृतिक बहाव परिवर्तन हुने गरी भारतले सीमावर्ती क्षेत्रमा ज्यादती गरिरहँदा पनि नेपालले त्यसलाई रोक्न पत्र पठाउनुबाहेक कुनै कूटनीतिक पहल गर्न सकेको छैन । भारतले सडक विस्तारका क्रममा महाकाली पारि गर्वोधार क्षेत्रमा चट्टान फुटाउन बम विस्फोट गराउँदा चट्टान नदीमा खसेर महाकालीको प्रवाह नै रोकिएको थियो । धार्चुला लिपुलेक सडक निर्माणका क्रममा तावाघाटदेखि बुदीसम्म महाकाली किनारको नेपालतर्फको जमिन तीव्र रुपमा कटान गरिरहेको छ । निर्माणाधीन भारतीय सडक नदीबाट ५।६ सय मिटर उचाइमा छ तर नेपालतर्फको गोरेटो २० मिटर र कतै नदी किनारैकिनार पर्छ । महाकाली नदीको प्राकृतिक बहावलाई अतिक्रमण गरेर भारतीय पक्षले पटक पटक गैरकानुनी र एकतर्फी संरचना बनाउने गरेको छ ।

भारतले नेपाली भूमिमा नेपालकै जानकारीबिना सडक निर्माण गरेपछि तत्कालीन परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिलाई जानकारी दिने क्रममा भारतले नेपालको १९ किलोमिटर भूभागमा बाटो बनाएको प्रस्ट पारेका थिए । भारतीय रक्षामन्त्री सिंहले सडक उद्घाटन गरेको भोलिपल्टै परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गरेर भारतलाई तत्काल उक्त भूमिमा गतिविधि नगर्न आग्रह गरेको थियो । सन् १८१६ को सुगौली सन्धिअनुसार लिम्पियाधुरा, लिपुलेक र कालापानी आफ्नो भूमि भएको नेपालले ध्यानाकर्षण गराएको थियो । भारतले पनि सोही दिन विदेश मन्त्रालयमार्फत सडक आफ्नै भूमिमा बनाएको र केही समस्या भए कोरोना भाइरस संक्रमणपछि वार्ता गर्न सकिने जनाएको थियो ।

भारतीय गृहमन्त्रालयले २०७६ कात्तिक २५ मा जम्मु र कस्मिरको स्वायत्तता खोसेर जारी गरेको नयाँ राजनीतिक नक्सामा नेपालको भूभाग लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई समेत समेटिएको थियो । त्यसको विरोध गर्दै नेपालले भारतलाई कूटनीतिक नोट पठाएको थियो । त्यसयता पनि भारतले नेपालकै भूभागमा सडक बनाएपछि नेपालले सीमा समस्या समाधान गर्नका लागि पाँच पटक कूटनीतिक नोट पठाइसकेको छ । भारतले कोभिड १९ को संक्रमण सकिएपछि मात्र वार्ता गर्न सकिने भनेपछि नेपालले पनि आफ्नो भूभाग लिम्पियाधुरा समेटेर १०७७ जेठ ७ मा नयाँ नक्सा जारी गरेको थियो । भारतले भने नेपालको नक्सा अस्वीकार्य भनिदियो । नेपाल भारत सम्बन्धमा कालापानी क्षेत्रको विवाद यस्तो गाँठो बनेको छ जसलाई नफुकाइ भविष्यमा द्विपक्षीय सम्बन्ध सौहार्द्र बन्न सक्दैन । यो यति पुरानो गाँठो हो जसलाई सहजै फुकाउन पनि सकिँदैन । यो सीमा विवाद त्यतिबेला मात्रै साम्य हुन्छ जतिबेला दुवै देशका सरकार उपलब्ध तथ्य र प्रमाणमा आधारित भएर खुला छलफलका लागि वार्तामा बस्न राजी हुन्छन् ।

बेलायतको इस्टइन्डिया कम्पनी सरकार नेपालबीचको सन् १८१६ को सुगौली सन्धिले महाकाली (काली) नदीलाई सिमाना मानेर दुई देशलाई छुट्याएको छ । विवादको चुरो भने महाकाली नदीको मुहान कहाँ पर्छ भन्ने हो । सुगौली सन्धिको दस्तावेज उक्त क्षेत्रको नक्सा र भूगोलको अध्ययन गरेका जानकारहरू दार्चुलाको ब्यास गाउँपालिका १ स्थित लिम्पियाधुरा हुँदै आउने स्थानीय सौका जातिको भाषाको कुटी याङ्दी नदी महाकालीको मुहान भएको दाबी गर्छन् । जबकि भारतले भने लिम्पियाधुराको पूर्वतिरको कालापानीमा कृत्रिम पोखरी बनाएर त्यसलाई महाकालीको मुहान र त्यसैबाट बग्ने खोल्सीलाई दुई देशको सीमारेखा भएको दाबी द्विपक्षीय छलफलमा प्रस्तुत गर्दै आएको छ ।

नेपालले भने सन् १९७५ मा पहिलो पटक प्रकाशन गरिएको नक्सामा कालापानीदेखि उत्तरपूर्वको लिपुलेकबाट निस्कने लिपु खोलालाई सीमारेखा अंकित गरेको छ जुन नेपालको गल्ती भएको जानकारहरूले बाँकी ८ पेजमा

## पुष्पलाललाई सम्झियो मालेले



काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी मालेले ४३ औं पुष्पलाल स्मृति दिवस पार्टी कार्यालय रातोपुलमा एक अन्तर्क्रिया कार्यक्रम गरी मनाएको छ । प्रमुख अतिथिका रुपमा सम्बोधन गर्दै माले महासचिव सीपी मैनालीले नेपालमा कम्युनिस्ट पार्टीहरूले पुष्पलालले निर्देश गरेको नौलो जनवादी क्रान्तिको बाटो नसमातेको बताउनु हुँदै मालेले मात्र पुष्पलालको सपनालाई पूरा गर्ने बाटोलाई आत्मसात गरेको छ भन्नुभयो । बाँकी ८ पेजमा

## एमाले अब जुट्छ कि फुट्छ ?

काठमाडौं । नेपालको सबैभन्दा ठूलो कम्युनिस्ट पार्टी नेकपा एमाले अब फुट्छ कि जुट्छ भन्ने चिन्ताले पार्टी कार्डरहरू, समर्थक र शुभचिन्तकहरूलाई हैरान बनाइरहेको छ । पार्टी अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ नेता माधवकुमार नेपालबीचको व्यक्तित्व टकरावले एमालेलाई विभाजनको नजिक भने पुऱ्याएको छ । यद्यपि दशबुँदे सहमति कार्यान्वयन गरी पार्टीलाई जोगाउन दुवै पक्षका दोस्रो तहका नेताहरू सक्रिय छन् । तर संस्थापन पक्षले विपक्षी दलका नेता शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा विश्वासको मत दिने माधव नेपालसहित उनी पक्षीय २२ सांसदलाई स्पष्टीकरण पत्र थमाएपछि फेरि रडाको सुरु भएको छ ।

पार्टी अध्यक्ष केपी शर्मा ओलीले माधव नेपाललाई लालगद्दारको संज्ञा दिए पनि उनले पार्टी एकता जोगाउन दोस्रो अध्यक्ष दिने बताएका छन् । पार्टीको जारी केन्द्रीय कमिटीको बैठकलाई



सम्बोधन गर्दै ओलीले भनेका छन्- 'माधव नेपालले मिल्ने हो भने दोस्रो अध्यक्ष दिने हो । मैले भनेको छु पार्टी एकता बचाउन माधव नेपाल आउँछन् भने दोस्रो अध्यक्ष दिन म तयार छु ।'

ओली पक्षको जारी केन्द्रीय कमिटी बैठकमा बोल्ने अधिकांशले पार्टीलाई विभाजन गर्न दिनु हुँदैन भन्ने आवाज उठाएपछि ओलीले मइ मथेर भए पनि घिउ निकाल्ने प्रयास गर्ने भन्दै एकताका निम्ति पहल गर्ने बताएका हुन् । सर्वोच्च अदालतले २०७७ फागुन २३ मा एमालेलाई २०७५ जेठ २ को अवस्थामा फर्काइदिएबमोजिम एकताका लागि हदैसम्म लचिलो हुन तयार रहेको ओलीले बताएका छन् । पार्टी जोगाउन अब माधव नेपालले कस्तो रवैया अपनाउने हुन् त्यसैमा बाँकी ८ पेजमा

## बैंक सिस्टम ह्याक गर्ने चेतावनी

काठमाडौं । नेपाल राष्ट्र बैंकसहित १५ वटा बैंकको सिस्टम ह्याक गरी पैसा चोर्ने चेतावनी दिँदै ह्याकरहरूले अपरिचित नम्बरबाट फोन र इमेल गर्न थालेको बैंकका अधिकारीहरूले बताएका छन् । ह्याकरले राष्ट्र बैंक तथा नबिल बैंकका प्रमुख कार्यकारीहरूलाई यस्तो चेतावनी दिएका हुन् ।

सबै बैंकको सिस्टम चेक गर्न र सम्भावित जोखिम न्यूनीकरणका लागि उपाय अपनाउन बैंक कर्मचारीहरूलाई आग्रह गरिएको छ । ह्याकरको इमेल र टेलिफोन कलबारे सरोकारवालालाई जानकारी गराएर सचेत हुन आग्रह गरिएको र थप अनुसन्धान अघि बढाइएको बताइएको छ ।

नेपाल राष्ट्र बैंकले आफ्नो र नेपालका सबै बाँकी ८ पेजमा

## जसपामा आधिकारिकता विवाद

काठमाडौं । जनता समाजवादी पार्टी नेपाल (जसपा) को आधिकारितासम्बन्धी विवादको टुंगो लगाउन निर्वाचन आयोगमा बहस भइरहेको छ । आयोगले चाँडै बहस टुंग्याउने जनाएको छ ।

जसपाको आधिकारिकता दाबी गर्दै अध्यक्ष उपेन्द्र यादवले निर्वाचन आयोगमा निवेदन दिएका थिए । त्यसपछि अर्का अध्यक्ष महन्थ ठाकुरले पनि आफू आधिकारिक भएको दाबी गरेका थिए ।

निर्वाचन आयोगले जसपाको आधिकारिकता निरुपण गर्न प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाको नेतृत्वमा इजलास गठन गरेको थियो । इजलासले साउन ३ बाँकी ८ पेजमा

## विषादीयुक्त भारतीय तरकारी नेपालमा

काठमाडौं । काठमाडौं उपत्यकामा खपत हुने तरकारी ४५ प्रतिशत र फलफूल ७५ प्रतिशत भारतबाट आउने गरेको पाइएको छ । तर उक्त तरकारी तथा फलफूल विषादी परीक्षणबिनै नेपाल भित्रिने गरेको छ । दुई वर्षअघि सुरु गरिएको विषादी परीक्षण भारतको दबाबपछि तत्कालै रोकिएको हो, अहिलेसम्म सुरु गरिएको छैन । विषादी परीक्षण र नियमनबारे सरकारी निकाय अनभिज्ञ नै छन् ।

प्लान्ट क्वारेन्टाइन एवं विषादी व्यवस्थापन केन्द्रका अनुसार मुलुकभित्र २९ समूहका विषादी प्रयोग भएको पाइन्छ । फलफूल तथा तरकारीमा दर्जनजति समूहका विषादी प्रयोग भइरहेको छ । तर केन्द्रीय कृषि प्रयोगशालाबाट कार्बामेट र अर्गानोफोस्फेटको मात्रै परीक्षण हुन्छ ।

केन्द्रीय प्रयोगशालाको बुटवल, नेपालगन्ज, अत्तरिया, झापा, पोखरा, सर्लाही र बाँकी ८ पेजमा

## अष्ट्रेलियामा लकडाउनको चिन्ता

काठमाडौं । कोरोना संक्रमणबाट सबैभन्दा कम खतरा मानिएको अष्ट्रेलियामा पनि अहिले कोरोना बढ्न थालेको बीबीसीले जनाएको छ । कोरोना महामारी रोकथामका लागि अष्ट्रेलियाको तीन शहरका एक करोड ३० लाख मानिस प्रभावित छन् । न्यू साउथ वेल्समा एक महिनादेखि, भिक्टोरियामा एक सातादेखि र साउथ अष्ट्रेलिया राज्यमा मंगलबारदेखि लकडाउन छ ।

लामो समय घरभित्रै थुनिनुपरेकामा मानिसहरूले भने लकडाउनप्रति असन्तुष्टि जनाउन थालेका छन् । अष्ट्रेलियाका दुई ठूला सहर न्यू साउथ वेल्सको राजधानी सिड्नी र भिक्टोरियाको राजधानी मेलवर्नमा लकडाउन कहिले हट्छ भन्ने निश्चित छैन । बेलायत र अमेरिकामा पछिल्लो समय लकडाउन बाँकी ८ पेजमा

## रसुवा नाकाबाट चिनियाँ आयात बढ्यो

काठमाडौं । नेपालको उत्तरी नाका रसुवागढीबाट चिनियाँ सवारी साधनको आयातमा क्रमशः वृद्धि हुँदै गएको छ । गत आर्थिक वर्ष २०७७/७८ मा आयात सामग्रीको विवरण दिँदै रसुवा भन्सार कार्यालय टिमुरेले चीनमा निर्मित सानाठूला ५६८ सवारी साधन नेपाल भित्रिएको र आयातको परिमाण भने क्रमशः वृद्धि भइरहेको जनाएको हो ।

आयातीत साधनमा किसानले प्रयोग गर्ने हाते ट्याक्टर, पिकअप भ्यान, एम्बुलेन्स, जिप, कार र भ्यान, सामान बोक्ने ठूलाठूला टिपर र विद्युतीय बस रहेका छन् । यस्तै आयात भएका सामग्रीमा तयारी पोशाक, जुत्ता तथा चप्पल, जिपकार भ्यान, होजियारी कपडा, ब्याग, मोबाइलका ब्याट्री, स्वास्थ्यका सामग्री, स्याउ, ओखर एवं लसुनलगायत विविध वस्तु रहेको बताइएको छ । नेपालका विभिन्न नदी खोलामा निर्माणाधीन जलविद्युत् आयोजनालाई आवश्यक पर्ने चिनियाँ उपकरणसमेत आयात भइरहेको छ । निर्यात भने शून्य रहेको छ । बाँकी ८ पेजमा

## किन सम्झिने पुष्पलाललाई ?

**विष्णु भट्टराई**

काठमाडौं । पुष्पलाल नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नेता हुन् । धेरैले उनलाई यसरी नै चिन्छन् । २२ अप्रिल १९४९ का दिन नेपाल कम्युनिस्ट पार्टीको स्थापना गराउने प्रमुख नेता पुष्पलाल नै हुन् । तर उनको यो राजनीतिक व्यक्तित्व यतिमै सीमित छैन । हो उनी नेकपाका संस्थापक महासचिव हुन् । साथै नेपालमा गणतन्त्रको बिगुल बजाउने उनी पहिलो व्यक्तित्व पनि हुन् । परम्परागत शाहवंशीय राजतन्त्रविरुद्ध गणतन्त्रको उद्घोष गर्ने प्रथम राजनीतिज्ञ पुष्पलाल नै हुन् । पुष्पलाल प्रजातन्त्रका लागि संयुक्त जनआन्दोलनका वैचारिक प्रणेता पनि हुन् । संयुक्त जनआन्दोलनको पुष्पलालको प्रस्तावलाई बीपी कोइरालाले स्वीकार गरेका भए नेपालमा पञ्चायती निरंकुश शासन तीन दशक चल्ने नै थिएन ।



बीपी कहिल्यै पनि कम्युनिस्टहरूसँग सहकार्य गर्न चाहँदैनथे । बरु उनले आफ्नो घाँटी राजासँग जोडन चाहे । जनतासँग अन्य राजनीतिक दलहरूसँग होइन बीपीले दरबारसँग राष्ट्रिय मेलमिलापको नीति लिए । यदि २०४६ सालसम्म पनि बीपी जीवित हुन्थे त नेपालमा संयुक्त जनआन्दोलन हुने नै थिएन । कम्युनिस्टहरूसँग कार्यगत एकता गरिए भविष्यमा कांग्रेस कमजोर र कम्युनिस्टहरू बलशाली बन्ने सम्भवतः बीपीको विश्लेषण थियो ।

पुष्पलालको औपचारिक शिक्षा त्यति धेरै थिएन । यद्यपि उनको अंग्रेजी भाषामा अब्बल दखल थियो । उनले कम्युनिस्ट घोषणापत्रको नेपाली अनुवाद गरेका थिए । कम्युनिस्ट घोषणापत्र अनुवाद गर्ने उनी पहिलो नेपाली अनुवादक पनि हुन् । पुष्पलाल नेपाली क्रान्तिको दिशा निर्देश गर्ने विचारक समेत हुन् । उनी नेपाली कम्युनिस्ट आन्दोलनका सिद्धान्तकार हुन् । नेपालमा नौलो जनवादको नारा दिने पहिलो कम्युनिस्ट नेता पनि उनै हुन् । एक भौतिकवादी चिन्तक, कम्युनिस्ट आन्दोलनका सिद्धान्तकार, नेपाली क्रान्तिलाई दिशा निर्देश गर्ने विचारक पुष्पलाल बहुआयामिक राजनीतिक व्यक्तित्व भएका कम्युनिस्ट राजनीतिज्ञ हुन् । पुष्पलालले राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र संघमा रहेर राणा विरोधी बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल
कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई
प्रबन्ध सम्पादक
कृष्णराज दुलाल
प्रबन्ध निर्देशक
किरण थापा
अतिथि सम्पादक
विष्णु भट्टराई
सहसम्पादक
घनश्याम ओली
बजार व्यवस्थापन
रामशरण रिमाल
सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

### गह्रौं भारीसहित देउवाको सत्तारोहण

मुलुकमा देखिएको राजनीतिक अन्यौलताको निकास सर्वोच्च अदालतले दिएको छ । संविधानको धारा ७६ (५) को राम्रो ढंगले व्याख्या समेत गरी शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्ने परमादेश सर्वोच्चले दिएपछि यसै धाराको जगमा उभिएर प्रधानमन्त्री भएका देउवाले गत आइतबार संसदबाट विश्वासको मत समेत प्राप्त गरिसकेका छन् । देउवाले विश्वासको मत प्राप्त गरेसँगै बाँकी कार्यकालको लागि संघीय संसदको भविष्य सुनिश्चित बन्न पुगेको छ ।

गत जेठ पहिलो साता प्रधानमन्त्री केपी शर्मा ओलीले संसदमा विश्वासको मत प्राप्त नगरेपछि धारा ७६ (५) अन्तर्गतको प्रधानमन्त्री नियुक्त गर्न गरेको आह्वानबमोजिम १४९ जना सांसदको हस्ताक्षरसहित देउवाले दाबी प्रस्तुत गरेका थिए । राष्ट्रपति भण्डारीले मध्यरातमा देउवाको दाबी लत्याएर गैरसंवैधानिक ढंगले पुनः केपी शर्मा ओलीलाई नै प्रधानमन्त्री नियुक्ति गरेकी थिइन् । प्रधानमन्त्री र राष्ट्रपतिको मिलेमतोमा संविधानको धज्जी उडाएर मनोमानी ढंगले सरकारमा एकलौटी अधिकार जमाउन गरेको ओलीको अन्तिम प्रयासलाई अदालतले गैरसंवैधानिक ठहर गर्दै देउवाको माग दाबी उचित ठहर गर्दै परमादेश जारी गरेको थियो । सर्वोच्चले स्पष्ट व्याख्यासहित गरेको फैसला दीर्घकालीन दृष्टिकोणबाट महत्वपूर्ण मानिएको छ ।

परम्परागत ढंगको लोकतान्त्रिक पद्धतिमा धारा ७६ (५) को अभ्यास अनौठो मानिन्छ । संसदीय व्यवस्थामा सांसदहरूलाई पार्टीको कुनै ह्वीप नलाग्ने र स्वतन्त्र रूपमा निर्णय गर्न पाउने व्याख्या आफैंमा अनौठो मानिएको छ । दोस्रो जनआन्दोलन मर्म र भावनाअनुसार संसद र सरकारलाई दिगो राख्ने कडीको रूपमा यो धारा अघि सारिएको हो । त्यसैगरी राजनीतिक स्थिरताको लागि प्रधानमन्त्री नियुक्त भएको दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नसक्ने र दल विभाजनको लागि संसद र केन्द्रीय समिति दुवैतर्फ ४० प्रतिशत सदस्य पुग्नुपर्ने व्यवस्था गरिएको छ । संसदको पूर्ण कार्यकालको परिकल्पनाको उपजका रूपमा नै धारा ७६ (५) राखिएको देखिन्छ र अब संसद बाँकी पूर्ण अवधिभर टिक्ने सुनिश्चितता भएको छ ।

शेरबहादुर देउवालाई धारा ७६ (५) को प्रधानमन्त्री बनाउन विभिन्न राजनीतिक शक्तिबीच सहकार्य भएको छ । नेकपा माओवादी, नेकपाको माधव नेपाल खेमा, जसपाका दुवै खेमा, जनमोर्चा समेतले कांग्रेस नेता देउवालाई विश्वासको मत प्रदान गर्दै भारी मतको विश्वास व्यक्त गरेका छन् । अब प्रधानमन्त्री देउवालाई यी शक्तिहरूलाई रिझाएर सत्ताको भागबन्डा गरी अघि बढ्न ठूलो चुनौती झेल्नुपर्ने हुन्छ । विगतमा सबैभन्दा ठूलो र भद्दा सरकार निर्माण गरेर सरकार सञ्चालन गरेको अनुभव देउवासँग छ । वर्तमान संविधानले पुराना विकृतिमा अंकुश लगाउन मन्त्रिमण्डलको संख्या पच्चीस जनामा सीमित गरिदिएको छ । अब सबै सहयोगी शक्तिहरूलाई पच्चीस जनाभित्रको सरकारमा अटाएर, मिलाएर अघि बढ्ने दायित्व प्रधानमन्त्रीमा छ ।

नयाँ सरकारसँग जनताका थुप्रै अपेक्षा रहेका छन् । खासगरी कोभिडको मारमा परेर रोजी रोटी गुमाएका जनता सरकारको दिगो राहतको प्रतिक्षामा छन् । त्यसैगरी बाढीपहिरोले घरबारविहीन जनता नाना खाना र छानाको प्रतिक्षामा बसेका छन् । कोरोनाले थिलथिलो पारेको अर्थतन्त्र र आर्थिक गतिविधि चलायमान बनाउनका साथै सबै जनतालाई समयमै भ्याक्सिन उपलब्ध गराएर स्वास्थ्य सुनिश्चितता र भयमुक्त बनाउने दायित्व नयाँ सरकारले तत्काल लिनुपर्ने हुन्छ । भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने, विकास निर्माणलाई द्रुतता प्रदान गर्ने लगायत थुप्रै गह्रौं भारीसहित सत्तारोहण गरेका प्रधानमन्त्रीले जिम्मेवार बनेर अहोरात्र काम गर्न आवश्यक छ ।

# के विश्वेश्वर, पुष्पलालले देखेको सपना यही थियो त ?



**सुरेन्द्र ढकाल**

यही साउन ६ गते विश्वेश्वर अनि ७ गते पुष्पलालको स्मृति दिवस पर्न गर्छ । यी दुई दिन यी नेताहरूको स्मरणमा स्मृतिसभा सम्पन्न भएका समाचार आइरहेका छन् । नेपाली राजनीतिले नेपाली जनताको मुहार फेर्न असफल भइरहेको र ७ सालदेखि ७८ सालसम्म आउँदा जहाँनिया राणा शासन, निरंकुश पञ्चायत, संवैधानिक राजतन्त्रीय बहुदलीय अनि संघीय गणतन्त्रात्मक व्यवस्था पनि नेपाली जनताले भोगे । सबै व्यवस्थाहरू एकपछि अर्को गर्दै असफल भएको तर त्यसको ठीक विपरीत सबै व्यवस्थाले भ्रष्टाचार संस्थागत गरी नेताको मुहार मात्र उजिल्याउन सफल भएको र जनता माछो माछो भ्यागुतोको अवस्थामा रहेको स्पष्ट देखिएको छ ।

राजासँग आफ्नो टाउको जोडिएको र राजासँगकै मेलमिलापमा मात्र नेपालको भविष्य देख्ने विश्वेश्वरको राष्ट्रिय मेलमिलापलाई उनकै कान्छो भाइ गिरिजाले रद्दीको टोकरीमा फाली माओवादीसँग १२ बुँदे सम्झौता गर्दा विश्वेश्वरको राष्ट्रिय मेलमिलापको नीति बेवारिसे बन्न पुग्यो । यद्यपि नेपाली कांग्रेसले विश्वेश्वरलाई जननायक र महामानव भन्न छोडेको छैन ।

**राजा ज्ञानेन्द्रले अक्षम भनी घोक्रे ठ्याक लाएको प्राडो, पजेरो अनि सांसद किनबेच काण्डका नाइके उही शेरबहादुर अब प्रचण्ड, माधवका पनि नेता बन्न पुगेका छन् । हे दैव के देख्न परेको हो ?**

हुन त कांग्रेसको राष्ट्रवाद कोसी गण्डकी अनि महाकालीमा राम्रै देखिएको हो । समाजवादको नाममा उदारवाद अँगाल्दै मित्र राष्ट्रहरूले बनाइदिएका कलकारखाना र उद्योगहरू कौडीको मूल्यमा बेचेर देशमा आम बेरोजगारको स्थिति निम्त्याउने कांग्रेसकै असफल राजनीतिको कारण देशका युवाहरू अहिले खाडी ५० डिग्रीको गर्मीमा काम गरी पैसा पठाइ आफ्नो परिवार र देशलाई पाल्न बाध्य छन् । त्यसकारण कांग्रेसको राष्ट्रियता, प्रजातन्त्र र समाजवाद विश्वेश्वरसँगै सती गएको प्रमाणित भइसकेको छ ।

हुन त विश्वेश्वर आफैं पनि दूरदर्शी नेता भने होइनन् । भारतमा बसेर सशस्त्र क्रान्ति गरी नेपालमा प्रजातन्त्र स्थापना गर्न सकिन्छ भन्दै उनले राजा महेन्द्र चढेको गाडीमा बम हान्न र काठमाडौंबाट भारु ३० लाख लिई विराटनगर उडेको शाही नेपाल वायुसेवा निगमको जहाज अपहरण गरी भारतको फर्बिसगन्ज उतारी उक्त भारु लुटन सफल पनि भएका हुन् । ७० को दशकमा सोभियत संघसँग सैनिक सम्झौता गरी त्यसको बलमा पाकिस्तानलाई टुक्र्याई स्वतन्त्र बंगलादेश बनाउन भारत सफल भएपछि त्यही मोडेलमा याने भारतीय सैनिक सहयोगमै नेपालमा राजतन्त्र र पंचायती व्यवस्था ढाल्न सकिन्छ भन्ने बीपीको सोचाइ त्यसबेला परिवर्तन भयो जब भारतमा इन्दिरा गान्धीले संकटकाल लगाई विश्वेश्वरले पनि नेता मानेका जयप्रकाश नारायणलाई जेल हालिन् । अनि बल्ल विश्वेश्वरको आँखा खुल्यो ।

भारतमा बस्दा जेल पर्ने देखेर मन्दविष खानुभन्दा आत्महत्या गर्नु वेश भनी राजासँगको राष्ट्रिय मेलमिलापको नारा लिई यी विश्वेश्वर नेपाल आएका हुन् । २०३६ सालमा पंचायतले गरेको जनमत संग्रहमा ४ लाख फर्जिमत प्रयोग गरी पंचायतलाई जिताएको भन्ने मनमोहन अधिकारीको भनाइलाई खण्डन गर्दै जनमत संग्रहको परिणाम स्वीकार गर्ने पनि उनै विश्वेश्वर नै थिए । राजासँग मेलमिलाप गर्नुपर्छ भन्दै सुधारिएको पंचायती व्यवस्थाको गाउँ, नगर पंचायत र राष्ट्रिय पंचायतको चुनावमा आफ्ना पार्टीका कार्यकर्तालाई उम्मेदवारी दिन लगाउने पनि उनै हुन् । यिनी बाँचुञ्जेल यिनले वामपन्थीसँगको सहकार्यमा मात्रै देशमा राजनीतिक परिवर्तन आउन सक्छ भन्ने वामपन्थी नेता पुष्पलालको कुरामा कहिल्यै ध्यान दिएनन् ।

३८ सालमा यिनको मृत्यु भएपछि यिनको राष्ट्रिय मेलमिलापको नीति विपरीत गणेशमानले वामपन्थीसँगको सहकार्यमा जोड दिंदा २०४६ सालमा पंचायत ढाल्न राजा वीरेन्द्र बाध्य हुन पुगे । यी यस्ता उदाहरणहरू हुन् जसले विश्वेश्वरलाई एक असफल नेताको रुपमा चित्रण गर्दछ ।

जब पुष्पलालको लाइनमा कांग्रेस आयो राजनीतिक परिवर्तनले साकार रुप लियो । तर यस्ता राजनीतिक परिवर्तनहरूले पनि नेपाली जनताको समृद्ध र सुखी हुने आकांक्षालाई साकार गर्न सकेको छैन । पुष्पलालले सोचेअनुरुपको राष्ट्रिय प्रजातन्त्र त देशमा आयो तर पार्टीहरू भित्रको प्रजातन्त्र (Intra Party Democracy) र पार्टीहरू बीचको प्रजातन्त्र (Inter Party Democracy) नहुँदा अहिले संविधानको धारा ७६ (५) बमोजिम निर्दलीय सरकार देशले देख्न परेको छ । यसले प्रकारान्तरले कतै निरंकुश निर्दलीय पंचायती व्यवस्था लागू गरी ३० वर्षसम्म त्यसले पाएको राजनीतिक स्थायित्वको कारण राजा महेन्द्र पो दूरदर्शी नेता रहेछन् भन्ने कुरा पीडित आम नेपाली जनमानसमा आएको छ । जुन जोगी आए पनि कानै चिरेको उखान चरितार्थ भएको छ ।

संसदीय चुनावमा करोडौं खर्च गर्नेले मात्रै जित्ने, जितेपछि भ्रष्टाचार गरी चुनावमा गरेको लगानी उठाउनुपर्ने बाध्यता अहिले वास्तविकतामा परिणत हुँदा अरबौंको भ्रष्टाचार गर्नेले मिठो निन्द्रा निदाइरहेको छ । झन् संघीय गणतन्त्र आएपछि त वडाध्यक्षको चुनाव जित्न पनि करोडौं खर्च गर्नुपर्ने बाध्यताको कारण सिंहदरबारको भ्रष्टाचार वडासम्म पुगेको छ । अब नेपालमा भ्रष्टाचार कहाँ छैन र को चाहीं भ्रष्टाचारी होइन भनेर खोज्नुपर्ने दिन आएको छ ।

राजा ज्ञानेन्द्रले अक्षम भनी घोक्रे ठ्याक लाएको प्राडो, पजेरो अनि सांसद किनबेच काण्डका नाइके उही शेरबहादुर अब प्रचण्ड, माधवका पनि नेता बन्न पुगेका छन् । हे दैव के देख्न परेको हो ? के विश्वेश्वर, पुष्पलालले देखेको सपना यही थियो त

# अदालतको परमादेश र ओलीको दुखद वहिर्गमन



**गोविन्द विक**

निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा गरिएको दोस्रो पटक संसद विगठन मुद्दा अदालतले विपक्षी गठबन्धनका नेता शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्न परमादेश जारी गरेसँगै राष्ट्रपति कार्यालयले भारी मनसँगै शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्त गरेको छ । विपक्ष गठबन्धनको नेतालाई प्रक्रिया पुऱ्याएर प्रधानमन्त्रीमा दावी गरिएको भए तापनि राष्ट्रपतिले संविधानको बाटो छलेर चुनावको घोषणा गरेको प्रष्टै देखियो ।

संविधानले राष्ट्रपतिलाई संविधानको संरक्षकको रुपमा परिकल्पना गरेको छ । तर संविधान कुल्चिएर अगाडि बढ्नेहरूलाई नै राष्ट्रपति कार्यालयले भरपुर सहयोग गरेको अहिले छर्लङग भएको छ । नवनियुक्त प्रधानमन्त्रीलाई सफत गराएर बधाइसमेत नदिई राष्ट्रपति विद्यादेवी भन्डारीले अनौठो व्यवहार देखाएको पनि देखियो । अदालतले संसद पुनस्थापना गरेर मुलुकमा असंवैधानिक जालसाजीको अवसान गरी संवैधानिक सर्वोच्चता कायम पनि गरिदिएको छ । संविधानलाई कुल्चिएर सरकार चलाउन कसैलाई पनि छुट नहुने नजिर सर्वोच्च अदालतले बसाइदिएको छ ।

निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले एमालेभित्रको खटपटमा सिंगो सरकारलाई उछालपछाल हुने गरिएका क्रियाकलापहरू गर्दै अगाडि बढिरहेका थिए । जसले गर्दा एमाले पाटीभित्रको आन्तरिक विवादले चरम रुपमात्र लिएन शानसँग सरकारमा गएका ओलीको दुखद वहिर्गमन भयो ।

झन्डै दुईतिहाईको जनमतबाट बनेको कम्युनिष्ट सरकारका लागि सत्ता सञ्चालन बाँदरको हातमा नरिवल जस्तै भयो । असत्य जति नै ढाकछोप गरे पनि अन्ततः झुट नै हुन्छ भन्ने कुराको सावित फैसलाले गरिदिएको छ ।

विभिन्न तानावाना बुनेर एमालेभित्रका सन्तुष्ट पक्षलाई चिढाउँदै एकलौटी रुपमा अगाडि बढ्न खोजेका निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली नराम्ररी पछारिएका छन् । सरकारमा जाने क्रममा ओलीको शान जति उच्च थियो सरकारबाट बाहिरिँदा त्यो शान देखिएन यसले आगामी दिनमा ओलीलाई जनताको मन जित्न केही कठिन भने पक्कै हुनेछ । पाइलापाइलामा प्रधानमन्त्री पदमा टिकिरहनका लागि सबैलाई पाखा लगाउने योजनामा व्यस्त केपी ओलीले बालुवाटारबाट बहिरिँदा पनि निकै तामझाम नै देखाए जुन तामझाम उनको वहिर्गमनमा सुहाउँदो थिएन । संविधानलाई कुल्चिएर जनताका लागि काम गरेको छु भन्दै भाषणमा लिप्त ओलीले हुँदाखाने जनताका पक्षमा देखिनेगरीको परिवर्तन पटक्कै गरेनन । सर्वहारा वर्गको उत्थान गर्ने कम्युनिष्ट पार्टी हो भन्ने कुरालाई उनले गलत सावित गरिदिए ।

एमालेका केही झुन्ड कार्यकर्ताबाहेक आम नागारिकको मनबाट टाढिँदै गएको ओलीलाई पत्तै भएन । विरोधीहरूको जमात बाक्लिँदै गएको उनले ख्यालै गरेनन । सरकार गठन भएदेखिका उल्टो रफ्तारले ओलीको शाख त ओरालोमा नै छ सिंगो एमाले पार्टीको आगामी भविष्यमा पनि त्यत्ति सहज हुने देखिन्न । प्रधानमन्त्री पदका लागि आफूभन्दा अर्को व्यक्ति ओलीले नदेख्नु अर्को ठूलो भूल थियो । भ्रष्ट्राचारीलाई पत्ता लगाए पनि कारवाही गर्न ओली चुके । उनकै सरकार भएको बेला सुनकान्डको घटना बाहिर आए तर दोषीलाई कानुनको कठघरामा उभ्याउन सकेनन । आफ्नै आसेपासेहरू कमिसन घुसखोरीमा दिनदाहाडै मुछिदा पनि ओली रमिते बनिरहे । उल्टै आर्थिक अनियमिततामा दोषी ठहरिएकाहरूलाई जोगाने धाउन्नमा ओली देखिए ।

ललिता निवास कान्ड निर्मला बलात्कार कान्ड ओम्नी ग्रुप कमिसन कान्ड लगायतका कान्डैकान्डले उनीप्रति आलोचनाका बाढी नै ल्यायो । तर पनि ओली कठोर रुपमा दन्डहिनता अन्त्यका लागि उभिन सकेनन् । जनताले ओलीबाट जुन विकास र समृद्धिको आशा र अपेक्षा गरेका थिए त्यसअनुसारको गतिमा ओलीले आफूलाई कुनै दिन पनि हिँडाएनन् । ओली सरकारकै पालामा महङगीले सर्वसाधारणको ढाड सेकिरहयो, त्यसमा ओली बेखबर बनिरहे ।

दुई छिमेकी मुलुकहरूको सन्तुलन मिलाउन ध्यान नदिँदा छिमेकीसँगको सम्बन्ध पनि त्यत्ति प्रभावयोग्य नदेखिएको विज्ञहरू बताउँछन । कुटनीति सम्बन्धमा पनि अपेक्षित उपलब्धि नदेखिएको जानकारहरूको भनाइ आइनै रहेको छ । यसरी एमालेका अध्यक्ष तथा निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीको सरकार सञ्चालनको एकलौटी दौडाइमा अदालतले ठेस लगाइदिएपछि अदालतप्रति उनको आक्रोस त्यत्तिकै देखियो । आफूले गल्ती गरेको महसुस ओलीले गरेकै छैनन् । ओलीले पटकैपिच्छे असंवैधानिक प्रेतको रुपमा आफूलाई स्थापित गर्दै जानु नै गलत थियो भन्ने कुराको पुष्टि अहिले भएको छ । यो असंवैधानिक र प्रतिगामी टयाग हटाउनका लागि ओलीलाई निकै चर्को पर्ने देखिन्छ ।

# खड्ग ओलीको प्रवृत्ति र उनका केही हस्तीहरू (३)

■ **सुदर्शन प्रधान**

संसदमा १२१ सिट भएको खड्ग ओली नेतृत्वको एमालेको सरकार संसदमा ५३ सीट नेकपा (माओवादी) ले अविश्वास प्रस्ताव दर्ता गरेपछि ढल्ने छ यद्यपी ४० सिट एमालेमा माधब कुमार नेपाल पक्षधर छ। त्यसरीनै खड्ग ओली समर्थक प्रदेश नं १,३,४,र ५ का प्रदेश सरकारहरू ढल्नेछ किनकी नेकपा (माओवादीकेन्द्र)र एमालेका झलनाथ-माधव नेपाल समर्थक संसदहरूले खड्गओली अन्धोभक्त मुख्यमन्त्रीहरू भनौं क्रमश सेरधन राई, डोरमणी पौडेल, पृथ्वी सुब्बा गुरुङ्ग र शंकर पोखरेलहरूबिरुद्ध मोर्चाबन्दी गर्ने बित्तीकै ती सबै अल्पमतमा पर्नेछन्। अव यी सबै प्रदेशहरूमा खड्ग ओलीको प्रतिगमन विरोधी आन्दोलनकारी हरूका सरकार बन्न सक्छ। देशभरी खड्गओली समर्थक मुख्यमन्त्रिहरूमा सवभन्दा बलियो चाहीं ४ नं प्रदेशको पृथ्वी सुब्बा गुरुङ्ग हुन्। तर उनको पनि जम्मा २८ सिट छ। जवकि सरकार बनाउन ३१ प्रदेश संसद हरूको भोट चाहिन्छ। अव उनले तीनभोट काहाँबाट ल्याउँछ ?

स्मरणहोस गण्डकी प्रदेशमा नेकपा (एमालेको) २८ नेपाली कांग्रेसको १५, नेकपा (माओवादी केन्द्रको) ११, राष्ट्रिय जनमोर्चाको ३ र जनता समाजवादी पार्टीको २ सीट छ। सुब्बाले यही राष्ट्रिय जनमोर्चाको सहयोगमा सरकार टिकाउने खेलमा लागीरहेछ। एमाले एक्लैले ६ वटा प्रदेश हरूमा सरकार बनाउन सक्छ भन्ने सुब्बाको भनाई कति झुठ रहेछ त ! अनि प्रदेश नं ६र७ का मुख्यमन्त्री माओवादी केन्द्रको महेन्द्र वहादुर साही र ....पन्त छन्। यी दुवै प्रदेशमा ओली समर्थक संसदहरू अल्पमतमा छन्। विशेष सुत्रहरूबाट थाहा भएअनुसार ४ नं प्रदेशमा पृथ्वी सुब्बाले आफ्नो सरकार बचाउन राष्ट्रिय जनमोर्चाका ३ जना संसदहरू सबै लाई मन्त्री पद दिने लोभ देखाईरहेछन्। यसमा उनहिरू सकारात्मक पनि छन्। यदी यसो भएमा नेकपामसालका नेता मोहन विक्रस सी र चित्र बहादुर के. सी. हरू नराम्ररी नाङ्गीने छन्। गैन्ह मार्क्सबादी र नैतिकहिन भनेर। किनकी संसद विघटन गर्न ओलीको संवीधानविरोधी हर्कत र तानासाही प्रवृत्ती विरुद्ध केन्द्रमा भनौं काठमाण्डौमा आन्दोलनमा एक्यवध्द जनाउने उनै नेताहरूको पोखरामा भनौं गण्डकी प्रदेशका संसदहरू उही प्रतिगमनकारी ओलीका मतियारहरूसँग मिलेर सरकारमा जान्छ भने के भन्ने त ?

झण्डै दूई तिहाई नजिकको नेकपाको संघीय सरकार र ६ वटा प्रदेशहरूमा पनि कम्युनिष्ट पार्टीको सरकारले राष्ट्र र जनताको चौतर्फी उन्नती, प्रगती र संम्वृध्दी मार्गमा दृढता पूर्वकलागेर थुप्रै युगान्तकारी कार्यहरू गर्न सक्थ्यो । यसको लागी पार्टी नेतृत्वहरू तलदेखी माथीसम्म राष्ट्र र जनता प्रति वफादार, संविधानप्रति ईमान्दार र पार्टी पद्धती र वहुमतको निर्णयलाई परिपालना गर्न पर्छ। जसले यी कुराहरूलाई इन्कार्छ उनलाई पार्टीवाट विदा दिनुपर्छ। अन्यथा त्यस्तो नेताले पार्टी र जनता अनि राष्ट्रलाई विग्रहको भुमरीमा पार्छ। त्यस्तो विशेषतामा खड्ग ओली अब्बल दर्जाका नेताहुन । जसले मन्त्रीहरू मनोमानी हेरफेर गर्ने, राजदुतहरू मनपर्दी नियुक्ति गर्ने र हटाउने अध्यदेशहरू पनि आफ्नो अनुकुलता लाई केन्द्रमा राखी ल्याउने गर्नाले नेकपा पार्टी केन्द्रमा नेतृत्वहरूविच अन्तरविरोध उत्कर्षमा पुग्यो र अन्तमा पार्टी अध्यक्ष वा सरकारको प्रधानमन्त्री मध्ये एउटा पद छोड्नु पर्ने प्रस्ताव आयो प्रचण्ड माधवहरूवाट यो कुरालाई लिएर खड्ग ओली सत्ता कब्जा गर्ने षडयन्त्र भन्दै कुर्लन पुग्यो र" मलाई राम्रो काम गर्न दिएन भन्दै डंका पिटेको हो। वास्तवमा खड्ग ओली हरूले षडयन्त्र गरी सत्ता कब्जा गरेको रहेछ। किनकी राजा विरेन्द्र, ज्ञानेन्द्रहरूले राज्यसत्ता विरुद्ध विद्रोहीहरूलाई सत्ता कब्जागर्न लागेको आरोपमा दण्ड जरीबाना जेलनेल र पिंजडामा पनि राख्थे। पृथ्वीनाराएण शाह र बहादुर शाहले नेपाल एकीकरण गरेकोले दश पुस्ता पछिका यी राजाहरू आफु पृथ्वी नाराएण र बहादुर शाह का उत्तराधिकारी दावी गर्थे जुन तर्क संगत पनि छ। तर खड्ग ओली ईश्वर पोखरेल, सूर्य सुबेदी, पृथ्वी सुब्बा गुरुङ्ग खगराज अधिकारी हरूसबै नेकपा (माओबादी केन्द्र) सहितका जनताको सहयोग समर्थनबाट यो सर्वोच्च पदमा पुगेका हुन। यीनका दश पुस्ता अघीका पुर्खाहरू कुन अवस्थामा थिए होला ? आर्थीक, भौतिक रुपले कन्त विजोग अवस्थामा थिए भनेर आंकलन गर्न सक्निछ। आज चाहीं लाखौंलाख क्रान्तीकारी जनता र कार्यकर्ताहरूको पसिना, रगत र आँशु मा टेकेर सुविधा सम्पन्न अवस्थामा जिइरहेको छन्। खड्ग ओलीको हैकमवाद र राज्यमा तानशाही प्रवृत्ती विरुद्ध आवाज उठाउने र सच्चाउने कार्यादिशा लिने प्रचण्ड र माधब कुमार हरूलाई सत्ता कब्जा गर्ने दाउ भनेर आरोप लगाउनु कपोकल्पीत र वेतुकको छ। वरुओलीको चिन्तन विचार र व्यबाहारले नेकप ादुरघटनग्रस्त वन्न पुग्यो र ६ वटै प्रदेशसरकारहरू पनि धरापमा पऱ्यो। ओलीको समर्थन प्राय तिनैले गर्छन् जसले पार्टी र सरकारको पदमा पुगी अनुचित आर्थीक भौतिक सुविधाहरू प्राप्त गर्छन्। तसर्थ उनिहरू सवैको पतन ध्रुवसत्य छ। किनकी आम नेपाली जनता त्यती पटमुर्ख छैनन् जति खड्ग ओली र उनका हस्तीहरू छन्।

# मैले देखेको १६८ औं विश्व पर्यटकीय केन्द्र
# आडेलाइड अष्ट्रेलियाको भिक्टर हार्बर

सुरेन्द्र ढकाल



माथिबाट हेर्दा भिक्टर हार्बर नगर



परबाट हेर्दा ढुंगैढुंगाको हार्बर यस्तो देखिन्छ



भिक्टर हार्बरमा दुर्लभ हुँदै गएको पेन्गुइन चरा




ग्रिनाइट टापुमा हामी पर्यटकहरू



हार्बरलाई ग्रिनाइट टापुसँगै जोड्ने काठेपुल



लिकमा घोडाले तान्ने ट्रेन

जनवरी २१, २००८ का दिन जर्मनीबाट म काठमाडौं फर्किएपछि फेरि मेरो दैनिकी पूर्ववत चलिरह्यो। गलैंचा निकाशीकर्ता संघको कार्यकारी सल्लाहकार, वाल विकास समाजको महासचिव तथा रोटरी नेपाल डिस्ट्रिक्टको असिस्टेन्ट गर्भनरको रुपमा आफ्नो सक्रिय जीवन अगाडि बढी नै रहेको थियो। म पूर्वअध्यक्ष रहेको रोटरी क्लब डिल्लीबजार र अष्ट्रेलिया आडेलाइडको ब्लाकउड क्लबबीच भगिनी सम्बन्ध स्थापना भई सहकार्य भई नै रहेको थियो। त्यसैबीच ब्लाकउड क्लवले हाम्रो डिल्लीबजार क्लबलाई आडेलाइड भ्रमण गर्ने निम्ता गरेबमोजिम मेरो नेतृत्वमा एक जत्था डिल्लीबजार रोटरी क्लवका सदस्य तथा उनीहरूका जीवनसंगिनीहरू अष्ट्रेलिया जान तयार भयौं। त्यस बमोजिम सबै साथीहरू मार्च ८ तारिखका दिन त्यतातिर उडे। अनि म चाहिँ एक्लै मार्च ९, २००८ का दिन काठमाडौंबाट उडेर सिंगापुर पुगे। ४ घण्टा ४० मिनेटको उडानपश्चात् म त्यहाँको समयानुसार राति ९ बजे सिंगापुर आइपुगे र ट्रान्जिटमा केही घण्टा ब्यतित गरी अष्ट्रेलियन एअर क्वान्टासबाट त्यही रात अष्ट्रेलियाको पर्थतर्फ उडें। ५ घण्टाको उडानपश्चात म पर्थ आइपुगें। बाँकी रात त्यही पर्थ एक होटलमा बिताइ बिहान ८ बजे पर्थबाट आडलाइडको लागि उडें।

३ घण्टाको उडानपश्चात म आडेलाइड आइपुग्दा म अगाडि नै त्यहाँ पुगेका रोटेरियन साथीमध्ये एक लक्ष्यबहादुर केसी र मलाई आतिथ्य दिने डेनिस रोस्क्रोको परिवार मलाई लिन एअरपोर्ट आएका रहेछन्। रोस्क्रो परिवारले मलाई सिधै उनीहरूको घरमा लगे।

मेरो ४ दिनको बसाइ त्यहीं निश्चित भयो। त्यसै दिन मार्च १० को बेलुका रोटरी क्लव ब्लाकउडले हाम्रो सम्मानमा रात्रिभोजको आयोजना गरेको थियो। त्यस्मा हामी सामेल भयौं। भोलिपल्ट मार्च ११ का दिन ब्रेकफाष्ट गरी सबै आतिथ्य दिने परिवारसहित हामीहरूले दिनभर आडेलाइड शहर घुमेर बितायौं। दिउँसोको खाना त्यही शहरको एक रेष्टुराँमा भयो। बेलुका हामी सबै आआफ्नो अतिथिदाता अष्ट्रेलियन मित्रको घरमा बितायौं। त्यस्को भोलिपल्ट मार्च १२ को एकै बिहानै ब्रेकफाष्ट गरी ८ बजे नै हामी सबै आआफ्नो अतिथिदाताको कारमा साउथ अष्ट्रेलियाको प्रसिद्ध भिक्टर हार्बर अवलोकन गर्ने उद्देश्यले हामी त्यतातिर लाग्यौं। करिब ८४ किलोमिटरको दूरी पार गरी साढे नौ बजेतिर हामी सबै हार्बर आइपुग्यौं।


### भिक्टर हार्बर

अष्ट्रेलियाको दक्षिण समुद्रको किनारमा अवस्थित यो हार्बर गर्मीमा पौडेर आनन्द लिन चाहने विश्व पर्यटनको केन्द्र रहेछ। यहीको समुद्रबाटै दक्षिणतर्फ आन्टार्टिक महादेश र पश्चिमतर्फ एसिया (हिन्द र प्रशान्त महासागर ) महादेश शुरु हुने कारण यो हार्बर तीन महादेश एसिया, अष्ट्रेलिया र आर्न्टाटिकाको मिलन विन्दु रहेछ। यो ठाउँ रामिन्देजेरी नामक जातिको परम्परागत उदगमस्थल रहेछ र सन १७९८ मा माथेउ फिल्डर नामक जाहाजी कप्तानले यो हार्बर पत्ता लगाई उनी आफैं जहाजबाट अप्रिल ८, १८०२ मा यहाँ आइपुगेका रहेछन्। पछि १८३७ मा अर्का अंग्रेजी जहाज भिक्टरका कप्तान रिर्चाड क्रोजिएर सिडनीबाट फर्कदा यही हार्बरमा आएर बसेका कारण ग्रेनाइट टापुसँग काठेपुलले जोडिएको यस हार्बरलाई भिक्टर हार्बर भन्न शुरु गरिएको रहेछ।

यो हार्बर व्हेल माछा मारी त्यसबाट तेल निकाली निर्यात गर्ने केन्द्रको रुपमा पनि विकाश भएको रहेछ। भिक्टर वन्दरगाहदेखि भिक्टर नगरसम्मको यातायातलाई जोडने कार्य घोडाले तान्ने ट्रामबाट गरिंदो रहेछ। यही ट्रामले समातिएका व्हेल माछालाई भिक्टर बन्दरगाहबाट भिक्टर नगरसम्म ल्याउने कार्य हुँदो रहेछ। पछि व्हेल माछा मार्ने कार्य सन १८७२ मा बन्द भएपछि यही घोडे ट्रामले पर्यटकहरूलाई भिक्टर नगरबाट वन्दरगाहसम्म ओसार्ने व्यवसाय शुरु भएको रहेछ। सन १९१४ पछि मात्रै यो नगरपालिका घोषित भई ओलिभर अलेक्जेण्डर यसको पहिलो मेयर भएका रहेछन्।

हामीलाई पनि अष्ट्रेलियन साथीहरूले काठेपुल पार गरी ग्रेनाइट टापुको अवलोकन, घोडेट्रामको मनोरंजन, समुद्रि तटको हिँडाइ, (पौडी खेल्ने लुगा लिएर नगएको हुँदा हामीले पौडि खेलेनौं) आदि कार्य गरी दिन बितायौं। त्यहाँको अर्को आकर्षण भनेको पेन्गुइन समुद्री चरा पनि रहेछ। विगतमा यो पेन्गुइन चराको ठूलो वासस्थान पनि रहेछ जसलाई अवलोकन गर्न मात्रै भने पनि धेरै पर्यटकहरू त्यहाँ जाँदा रहेछन्। दिनभरि माछा मार्न जाने यी चराहरू सूर्यास्तपछि भने यहाँ रात बिताउँदा रहेछन। तर पछि वातावरणमा आएको परिवर्तनको कारण होला यी पेन्गुइनहरू न्यूजिलैण्डतर्फ लागेको बताइँदो रहेछ। हामी त्यहाँ पुग्दा हामीले फाट्टफुट्ट एक दुइवटा मात्रै पेन्गुइनहरू देख्यौं जुन माछा टिप्न समुद्रमाथि उडिरहेका थिए। जून महिनादेखि सेप्टेम्बरसम्म व्हेल माछा अवलोकन गर्न पर्यटकहरू त्यहाँ पुग्दा रहेछन् भन्ने कुरा हामीलाई बताइयो।

हामी मार्च महिनामा त्यहाँ पुगेको कारण व्हेल अवलोकन गर्न पाइएन। हार्बरबाट काठेपुल तरी त्यही रहेको ग्रिनहिल एडभेन्चर पार्कमा वाटरस्लाइड, क्यानोइंग, रक क्लाइम्बिंग, आर्केरी, गोल्फ जस्ता साहसी खेलकुदहरू पनि संचालन हुन्छ भन्ने जानकारी हामीले पायौं। पछि सर्फिंग यहाँको लोकप्रिय साहसी खेलकुदको रुपमा विकाश भएको रहेछ। माछा मार्ने शौख भएका मानिसहरूको पनि गन्तब्य स्थल बनेको भिक्टर हार्वर साँच्चै नै अन्तर्राष्ट्रिय पर्यटन स्थलको रुपमा विकाश भएको हामीले महसुस गऱ्यौं। दिनभर हार्बरमा बिताइ त्यहीको नगरको एक रेष्टुराँमा दिवा खाना खाइ आडलाइड फर्कंदा बेलुकीको ५ बजेको थियो।





भिक्टर हार्बर एसिया, अष्ट्रेलिया र अन्टार्काटिकाको संगमस्थलको रूपमा

# नेपाली क्रान्तिको न्यूनतम कार्यक्रम पूरा गर्ने रणनीति तथा कार्यनीतिहरू-२

'नेपालको उपरोक्त भौगोलिक बनौट र भूराजनीतिक स्थितिले गर्दा नेपालमा भारतीय विस्तारवाद र सामन्तवाद विरुद्धको क्रान्तिकारी संघर्षको अत्यन्तै कठिन र अप्ठेरो प्रक्रियाबाट गुज्रनुपर्ने भएको छ किनभने नेपाल लम्बाइमा ५५० माइलको भए तापनि मुश्किलले ५० माइलको चौडाइ भएको र पूर्व पश्चिम र दक्षिण तीनतिरबाट भारतीय विस्तारवादको मुलुकले घेरिएको हुनाले नेपालमा क्रान्तिकारी संघर्षको उभारलाई दबाउन् परेमा नेपालको कुनै पनि ठाउँमा विन्दुमा ५-७ मिनेटमै भारतीय विस्तारवाद आफ्नो सेनालाई उतार्न सक्छ। तर नेपाली क्रान्तिकारीहरूको निम्ति आवश्यक परेको ठाउँमा थप मद्दत पुऱ्याउन् परेमा कम्तीमा पनि हप्तौं हप्तासम्मको समय लाग्छ।

यस्तो अप्ठेरो र जटिल अवस्थामा लडिने संघर्ष भएको हुँदा हामीहरूले पनि सोही अनुसारको जटिल र कठिन बाटो अपनाउन परेको छ। फलतः हाम्रो क्रान्तिकारी संघर्ष पनि स्वभावतः ढिलो तर दह्रो प्रायशः नदेखिने तर व्यापक, कहिलेकाहीँ आगोको फिल्कोझैँ झ्वाट्ट फुटेर निस्किने तर तुरुन्तै फेरि निभेर साम्य भए जस्तै हुने र कहिलेकाहीँ एकाएक उफ्रँदै अघि बढ्दै जाने हिसाबले विकसित भएर जाने हुन्छ। त्यसकारण हामीहरूले परिस्थित हेरी कानुनी गैरकानुनी संवैधानिक




■ शम्भुराम श्रेष्ठ

गैरसंवैधानिक तथा संसदीय गैरसंसदीय आदि विभिन्न रुपका संघर्षहरू चलाउने नीति अपनाउनुपर्ने हुन्छ।'

'माथि उल्लेखित भौगोलिक बनोट र विशेष गरी भूराजनीतिक अवस्थाबाट उत्पन्न हाम्रो क्रान्ति निम्तिको प्रतिकूल स्थिति सामान्यतः लामो समयसम्म यथावत नै रहने देखिए तापनि भारतमा त्यहाँका जनताको प्रतिक्रियावादी सरकार विरुद्धको संघर्ष चाँडो विजयी भएमा वा सशक्त रुपले विकसित भएमा हाम्रो प्रतिकूल स्थिति अनुकूल स्थितिमा बदलिने छ।

यसरी नेपाली जनताको क्रान्तिकारी संघर्ष र भारतीय जनताको क्रान्तिकारी संघर्षएक अर्कासँग घनिष्ट रुपले गाँसिएको क्रान्तिकारी संघर्षलाई समर्थन र सहयोग गर्नु हामी नेपाली कम्युनिस्टहरूको अन्तर्राष्ट्रिय कर्तव्य मात्रै होइन, बल्की अप्रत्यक्ष रुपले हाम्रो आफ्नै क्रान्तिलाई मद्दत पुऱ्याउनु पनि हो।'

माथि उल्लेखित भौगोलिक बनौट र भूराजनीतिक स्थितिको साथसाथै भारतीय विस्तारवाद नै नेपाली क्रान्तिको एक प्रमुख दुश्मन शक्ति भइदिएको कारणले हाम्रो लागि आजाद आधार क्षेत्रहरू स्थापना गरी नियमित जनसेना गठन गरी युद्ध सञ्चालन गर्ने सामरिक नीति अवलम्बन गर्नु उपयुक्त देखिँदैन। हाम्रो संघर्षको निम्ति सुहाउँदो नीति त लडाकुहरूको सांगठनिक ढाँचाहरू खडा गरेर तरलीकृत रुपमा लड्ने शैली हुन्छ।'

'जहाँसम्म नेपालमा सशस्त्र संघर्ष चलाउनु आवश्यक छ कि छैन भन्ने सवाल छ, सशस्त्र संघर्ष चलाउन आवश्यक मात्रै होइन, अनिवार्य नै छ। कारण बिल्कुलै स्पष्ट छ। सशस्त्र बलको प्रयोगबाट मात्र प्रतिक्रियावादीहरूको कब्जामा रहेको मुलुकको राजसत्ता जनतामा हस्तान्तरित हुन सक्छ र सशस्त्र बलको प्रयोगबिना सत्ता बिल्कुलै सम्भव छैन। यो मार्क्सवाद लेनिनवादको आधारभूत क्रान्तिकारी सिद्धान्त हो। सशस्त्र संघर्षद्वारा राज्यसत्ता कब्जा गर्नु क्रान्तिको केन्द्रीय कार्य हो र सशस्त्र संघर्ष क्रान्तिकारी संघर्षको सर्वोच्च रुप हो। सशस्त्र संघर्षसम्बन्धी, यो मार्क्सवादी लेनिनवादी सिद्धान्त नेपालमा मात्र होइन, विश्वका सबै मुलुकहरूमै समान रुपले लागू हुन्छ। सवाल यो मात्र हो कि नेपालमा कहिले र कुन किसिमले सशस्त्र संघर्ष चलाउने? यो विश्वभर नै लागू हुने सिद्धान्त भए तापनि यो सिद्धान्तलाई कम्युनिस्ट पार्टीहरूले आआफ्नो मुलुकका वस्तुगत विशेषताहरूसँग मिल्ने आआफ्नै तरिका लागू गर्नुपर्छ।'

'जहाँसम्म संसदीय निर्वाचनमा हामीले भाग लिनुपर्छ कि पर्दैन भन्ने कुराको सवाल छ, त्यो सशस्त्र संघर्षसम्बन्धी सवाल जस्तै मार्क्सवाद लेनिनवादको आधारभूत सैद्धान्तिक सवाल होइन, सिर्फ राजनीतिक उपादेयता अनुपादेयताको सवाल मात्र हो। त्यसकारण संसदीय निर्वाचनमा भाग लिने नलिने कुरा त्यस समयको राजनीतिक स्थितिमा भर पर्छ।'

'क्रान्तिकारी संघर्षको क्रममा उठ्ने एउटा विशेष सवाल हो संयुक्त मोर्चासम्बन्धी सवाल। क्रान्तिको सफलता असफलता धेरै हदसम्म हामीले अपनाउने संयुक्त मोर्चासम्बन्धी नीतिमा निर्भर हुन्छ। आदि।'

(क्रमशः)

## काँचो प्याजका फाइदा



भान्सामा दैनिक रुपमा प्याज प्रयोग हुन्छ। कतिपयले तरकारी-अचारमा प्याज हाल्छन् त कतिले सलादको रुपमा काँचै खान मन पराउँछन्। खासमा प्याज काँचै खानु बढी फाइदाजनक हुन्छ। काँचो प्याजले कैयौं मौसमी बिरामीबाट बचाउन सहयोग पुग्छ। साथै तपाईंको सुन्दरतामा पनि काँचो प्याजले निखारता ल्याउँछ।

प्याजमा पाइने फस्फोरस, म्याग्नेसियम, पोटासियम र भिटामिन सी ले हाम्रो शरीरलाई निरोगी बनाउन मद्दत पुग्छ। दिउँसोको खानाको साथमा सलादको रुपमा काँचो प्याज खाँदा पाचन शक्तिमा सहयोग पुग्छ। श्वासप्रश्वास सम्बन्धी रोगबाट बच्न पनि प्याज लाभदायी छ। प्याजले शरीरमा रक्तसञ्चार प्रवाह नियमित बनाइराख्न र शरीरमा ऊर्जा दिने काम गर्छ।

काँचो प्याजले एन्टिब्याक्टेरियाको पनि काम गर्छ। यसले हाम्रो शरीरमा ब्याक्टेरिया र भाइरसलाई बढ्न दिँदैन। साथै रुघा लाग्नबाट पनि हामीलाई बचाउँछ।

लूबाट बच्न पनि प्याज अचूक औषधि हो। गर्मीमा लामो यात्रामा निस्किनु छ भने सलादको रुपमा खानासँग काँचो प्याज अवश्य खानुस्। यसले शरीरमा पानीको कमी हुनबाट पनि बचाउँछ।

दिउँसोको खानाको साथमा काँचो प्याज नियमित खाने गर्नाले रगतमा सुगरको मात्रा बढ्न दिँदैन। यसले शरीरमा क्यान्सरजस्तो घातक रोगका लागि सेलको विकास हुनबाट रोक्छ।

काँचो प्याज अनुहारका लागि पनि उपयोगी हुन्छ। काँचो प्याज लगाउने हो भने केही समयमै अनुहारको दाग हटेर जान्छ। साथै काँचो प्याजको सेवनले शरीरमा ब्लड सर्कुलेसन बढाउँछ र शरीरमा भएको ड्यामेज सेल रिपेयर गर्न मद्दत पुग्छ।

## बजारभाउ अकासियो

काठमाडौं। पेट्रोलियम पदार्थको मूल्य वृद्धि भएको कारण देखाउँदै यातायात व्यवसायीले २० देखि २८ प्रतिशतसम्म भाडा बढाएपछि त्यसको असर मूल्य वृद्धिमा परेको हो। यातायातका सबै सवारी साधान (बस, ट्रक) लगायतको भाडा बढेपछि भान्सामा प्रयोग हुने नुनदेखि सुनसम्मको भाउ बढ्न पुगेको हो।

गत वर्षको साउनमा प्रतिलिटर १०५ रुपैयाँ पर्ने पेट्रोलको भाउ अहिले १२८ रुपैयाँ पुगेको छ। त्यसैगरी, एक वर्षअघि प्रतिलिटर ९१ रुपैयाँमा पाउने डिजेलको भाउ अहिले १११ रुपैयाँ पुगेको छ। एक वर्षमा नै पेट्रोलियम पदार्थको भाउ आकासिएका कारण पनि दैनिक उपभोग्य वस्तुदेखि अन्य सामानको मूल्य अचाक्लि बढ्न पुगेको हो।



नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएर नयाँ रेकर्ड बनाउँदै लगेको छ। पेट्रोलको मूल्य लिटरकै १२९ र डिजेलको मूल्य ११२ पुर्याएको आयल निगमले विधार्थीले आन्दोलन गरेपछि लिटरमा १/१ रुपैयाँ घटाउन पुगेको थियो।

पेट्रोलियम पदार्थको मूल्य बढाउँदा प्रतिलिटर २र३ रुपैयाँले बढाउँछ। आयल निगमले सकेसम्म बढेको मूल्य घटाउँदैन घटाउनै परे लिटरमा १ रुपैयाँले मात्र घटाउँछ। पछिल्लो समय पेट्रोलियम पदार्थको अत्याधिक मूल्य वृद्धि भएका कारण बजार भाउ थेग्नै नसक्ने गरेर बढेको छ। केही समयअघि अन्तराष्ट्रिय बजारमा खाने तेलको कच्चा पदार्थमा मूल्य बढेका कारण तेलको मूल्य बढाइयो। एक वर्षको बीचमा खाने तेलको मूल्य करिव दोब्बरले बढेको छ।

खाने तेलको मूल्य बढेसँगै नेपालीको भान्सा महंगिन पुगेको थियो। त्यसपछि आयल निगमले पुनः पेट्रोलिय पदार्थको मूल्य बढाएका कारण चुल्हो महंगिन पुगेको छ। अहिले १ हजार रुपैयाँ लिएर बजार जाने हो भने एक झोला तरकारी पनि नआउने अवस्था आएको छ। ढुवानी भाडा बढेको, वर्षाले तरकारी कुहिएको, बाटो बिग्रिएको जस्ता कारण देखाउँदै पसलेहरूले उपभोक्ताबाट मनलाग्दी रकम लिइरहेका छन तर, सरकार भने मूल्य वृद्धिको विषयमा बेखवर जस्तै भएको छ। सरकारले मूल्य वृद्धि नियन्त्रण नगरेपछि तलब बढेका कर्मचारीले समेत खासै राहत महसुस गर्न सक्ने अवस्था छैन। २ हजार रुपैयाँले बढ्ने कर्मचारीको तलब र ४ हजार पुग्ने वृद्ध भत्ताले पनि मंहगिलाई थेग्न सक्ने सम्भावना देखिएको छैन।

## थापालाई दर्ज्यानी चिन्ह



काठमाडौं। नेपाल सरकार मन्त्रिपरिषद्को २०७८ असार २४ गतेको निर्णयअनुसार असार २१ गतेबाट लागू हुनेगरी प्रहरी नायव महानिरीक्षकबाट प्रहरी अतिरिक्त महानिरीक्षक पदमा पदोन्नति हुनु भएका प्रहरी अतिरिक्त महानिरीक्षक सहकुल बहादुर थापा दर्ज्यानी चिन्हद्वारा सुशोभित हुनुभएको छ। प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले प्रहरी प्रधान कार्यालयमा आइतबार आयोजित एक समारोहबीच प्रहरी अतिरिक्त महानिरीक्षक थापालाई दर्ज्यानी चिन्हद्वारा सुशोभन गर्नुभएको हो।

समारोहमा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले प्रहरी अतिरिक्त महानिरीक्षक थापालाई बधाई दिँदै पदोन्नतिसँगै बढेको दायित्व र जिम्मेवारीलाई प्रतिबद्धता अनुरूप नयाँ उर्जाकासाथ निर्वाह गर्न निर्देशन दिनुभयो। संगठनको थप सुदृढिकरण र विकासका लागि व्यावसायिकता र पेशागत धर्ममा रही हरेक कार्यलाई सहजरूपमा लिदै स्वमूल्याङ्कन गरी पूर्ण निष्ठाका साथ अगाडि बढ्नुपर्ने उहाँले बताउनुभयो। पदन्नोतिमा परिवारको पनि साथ सहयोग हुने भएकोले आफ्नो प्रगतिलाई परिवारमा समर्पण गर्नुपर्ने उहाँले उल्लेख गर्नुभयो।

समारोहमा पदोन्नति हुनुभएका प्रहरी अतिरिक्त महानिरीक्षक सहकुल बहादुर थापाले नेपाल सरकार एवम् प्रहरी संगठनबाट प्राप्त गहन जिम्मेवारीलाई मन, वचन र कर्मका साथ संगठनको उद्देश्य प्राप्तिका खातिर काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। आफू बोलाई भन्दा गराईमा विश्वास गर्ने भएकाले आफ्नो बुद्धि, विवेक र ईमानदारिताका साथ संगठनको श्रीवृद्धिमा लाग्ने उहाँले उल्लेख गर्नुभयो। समारोहमा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायव महानिरीक्षकहरू, वरिष्ठ प्रहरी अधिकृतहरू लगायत प्रहरी अधिकृत तथा प्रहरी जवानको उपस्थिति रहेको थियो।

नियात्रा

## वाराणसी सम्मेलनका अन्तर्गाथा

✍ - रामप्रसाद पन्त

टोपी लगाएका देखेपछि अटोवालाको भाउताउ नै बेग्लै। अझ दुई/तीन भाषा मिसाएर पार्सी बोल्ने साथीहरू भएपछि त वाराणसेय पण्डाका चेलाहरूले तिरिमिरी झ्याईं किन नपारुन्। बडो अप्ठ्यारो भयो भाउताउ मिलाउन। त्यही अटो कसैले प्रतिव्यक्ति दश तिरे, कसैले पन्ध्र त कसैले बीस।

सुनेको थिएँ– राँड, साँढ, सिँढी, सन्यासी– इन से बचे तो सेवै काशी।' तर किन भनिएन होला, पण्डा र पण्डाका चेलाहरू (सवारी चालक) देखि पनि बच्नुपर्छ।

को कता! को कता!! को कुन अटोमा, को कुनमा! म जुन अटोमा थिएँ, त्यसमा अरु को को थिए, त्यो पनि याद छैन मलाई अहिले। थाहा छ, एउटा खुट्टा अटोभित्र र एउटा अटो बाहिर झुन्डाएर अटो चालकको सिटमा आधा नितम्ब टेकाएर बसेको थिएँ म। एउटा हातले बलियोसँग समाएको थिएँ अटोको डन्डी र दृष्टि चाहिँ बाहिरी दृश्यमा जमाउँदै थिएँ।

केही फरक देखिरहेको थिइनँ मैले चालीस वर्षअघिको दृश्यमा। तेइस वर्षअघिको दृश्यमा र अहिलेको दृश्यमा। बरु पुरानिँदै गएका, उप्किँदै गएका, बुट्यान उम्रिएका र रङ्गरोगन पनि नगरिएका घरहरू देख्दै थिएँ। तर वारणसीको महत्वलाई पुष्टि गर्ने शोभनीय दृश्य के देख्दै थिएँ भने बाटो छेउछाउका वर-पीपलहरू कुनै उपायद्वारा जोगाएर/सजाएर राखिएका थिए। मास्ने काम गरिएको थिएन।

अटोले हामीलाई तेरियाबाग, जगतगन्ज, सोनपुरा, कबिररोड, राजकीय क्विन्स कलेजरोड हुँदै, भारतरत्न लालबहादुर शास्त्रीको शालिक परिक्रमा गराउँदै थानाकोतवालीको गेटअगाडि ओरालेको थियो। त्यसपछि हामीले आफ्ना झोलाझाम्टा ठेलामाथि चाङ लगाएर ठेलाको पछिपछि कालभैरव मन्दिर हुँदै जगदम्बा धर्मशालामा पुगेका थियौँ।

हिजै बेलुका दिल्लीबाट आएकी लक्ष्मी उप्रेतीले हामीलाई धर्मशालाको द्वारमै स्वागत गरेकी थिइन्। धर्मशालाका व्यवस्थापक काशी अधिकारीले कोठाहरू देखाएर बस्न सहयोग गरेका थिए। वियोगी बुढाथोकी, ठाकुर शर्मा भण्डारी र म यौटा कोठाका हकदार भएका थियौँ।

२. पत्रपत्रमा घाटहरू

आज यात्राको तेस्रो दिन, अर्थात् फागुन ३ गते।

मङ्गलागौरी भन्नुस् या दूधविनायक, कुरो उस्तै उस्तै रहेछ। एकातिर गौरीको मन्दिर, अर्कोतिर गणेशको। कसैको मुखबाट मङ्गलागौरी, कसैको मुखबाट दूधविनायक।

दूधविनायक क्षेत्रभित्रै रहेछन्– जगदम्बा महारानीले बनाएको जगदम्बा धर्मशाला, जगन्नाथ गुरागाईंले चन्दा उठाएर बनाएको मङ्गलागौरी स्थित पहिलो नेपाली धर्मशाला रपद्मशम्सेरले बनाएको राममन्दिर धर्मशाला। नेपाली नागरिकद्वारा निर्माण गरिएका यी सबै धर्मशालाहरू विद्याधर्म प्रचारिणी समितिद्वारा सञ्चालित रहेछन् र तीनवटै धर्मशाला सञ्चालक समितिका अध्यक्ष रहेछन्– दुर्गाप्रसाद श्रेष्ठ। तर राममन्दिर धर्मशाला भने यात्रुहरूका लागि भन्दा सञ्चालक समितिका सदस्यहरूको प्रयोजनका लागि उपयोग गरिएको रहेछ।

यस बाहेक ललित त्रिपुरासुन्दरीले बनाउन लगाएको ललिता धर्मशाला र त्यसै धर्मशालासँग सम्बन्धित नेपाली संस्कृत पाठशाला तथा वृद्धाश्रम पनि ललिता घाटमा छन् भन्ने सुन्दै थिएँ म।

धर्मशालाहरूको बेलिबिस्तार लगाउने भन्दा पनि मङ्गलागौरीको ऐतिहासिक महत्वबारे चर्चा गर्ने मनसाय थियो मेरो। त्यही दूधविनायक क्षेत्रको जामखण्डी भवनमा युगवाणीको कार्यालय थियो, जसको प्रकाशन आरम्भ भएको थियो २००४ सालमा। त्यस ऐतिहासिक पत्रिकाको सम्पादन गर्थे– बालचन्द्र शर्मा, बटुक भट्टराई, नारायण भट्टराई, गोपाल भट्टराई र लक्ष्मीप्रसाद देवकोटाहरूले। त्यस पत्रिकाले नेपाली राजनीतिमा प्रजातान्त्रिक स्वर, प्रगतिवादी स्वर, गणतान्त्रिक स्वर र सामाजिक विद्रोहका स्वरुहरू निकालेर प्रजातन्त्र स्थापना गर्न महत्वपूर्ण भूमिका खेल्थ्यो। त्यतिमात्र होइन, धर्म-संस्कृतिमा जागरण ल्याउने काम पनि त्यस पत्रिकाले गरेको थियो। यस बाहेक सुन्दरी र माधवीले पनि नेपाली साहित्यको विकासमा महत्वपूर्ण सघाउ पुऱ्याएका थिए।

यस्तो महत्वपूर्ण स्थानमा नेपाल साहित्यिक पत्रकार संघको ऐतिहासिक साहित्य गोष्ठी तथा सम्मान समारोह सम्पन्न हुँदै थियो आज अपराह्न तीन बजे। तबसम्म हामी स्वेच्छाले घुम्न पाउने छौं। तर व्यक्तिव्यक्तिका आ-आफ्ना इच्छा छन्– कसैलाई के देख्ने इच्छा, कसैलाई के गर्ने! विश्वनाथ, सारनाथ, रामनगर, विएचयु, पितृतर्पण वा किनमेल। तर आज यी सबै सम्भव छैनन्। आज त हामी बिहान चियापान गर्नेछौँ, सेरोफेरो घुम्नेछौँ, फर्केर धर्मशालामा खाना खानेछौँ र पुनः एकछिन निस्कन सक्नेछौँ तर भुल्नेछैनौँ तीनबजे सुरु हुने कार्यक्रम।

हो, त्यसै भएर हामी सुटुक्क निस्क्यौँ– रोचक घिमिरे, ठाकुर शर्मा भण्डारी र म दशाश्वमेध घाटलाई लक्ष्य बनाएर। एक-दुईपटकको हिँडाइले भेउ पाउन सकिँदैन गल्लीका छेडाहरू। ढुङ्गा छापेका साँघुरा गल्लीमात्र देखिन्छन् जताततै, कुन दिशा कता पर्छ, छुट्याउन पनि सकिँदैन। त्यसैभएर बनारसे गल्लीहरूको अनुभव सँगालिसकेका रोचक दाइलाई अगाडि लगाएर हिँडेका छौँ, ठाकुर शर्मा र म। गाडी चल्ने सम्भावना छैन गल्लीहरूमा, तर डर छ साँढेहरूको। तिनीहरूदेखि जोगिएर हिँड्दै छौँ हामी।

चौखम्बा गल्ली आएको छ र त्यसै गल्लीमा दुर्गाप्रसाद श्रेष्ठको घर पनि भेटिएको छ। दुर्गाले सँगै जोडिएको अर्को घर पनि किनेछन् हालसालै। बनारसको प्रसिद्ध मिठाइ भण्डार रामभण्डार, दोस्रो सत्यनारायण मिठाइ भण्डार र तेस्रो कुवेर मिठाइ भण्डार। यी सबै भण्डारहरू त्यसै गल्लीमा पर्दा रहेछन्। चौखम्बा प्रकाशन, चौखम्बा पाठशाला, चौखम्बा संस्कृत महाविद्यालयहरू पनि चौखम्बासँग जोडिएका नामहरू रहेछन्।

अब आइपुग्यो भाँडाहरूको प्रसिद्ध बजार ठठेरी बजार। सम्झेँ, प्रा. माधव घिमिरेले भनेका कुरा। शालिग्राम राख्ने पात्र सखारी र विष्णुपादुका ल्याउने आग्रह थियो उहाँको। तर पसल दशबजे अघि खुल्दा रहेनछन्। कुरै सकियो।

हामीजीटीरोड निस्कियौँ। गाडीहरू चल्ने पिच गरेको फराकिलो बाटो भेटियो। हामी बायाँ मोडियौँ र बाँसफाटक, गोदौलिया रोड हुँदै अगाडि बढ्यौँ। एउटा चौबाटो आयो– सिधा गए बिएचयु वा असी घाट, बायाँ मोडिए दशाश्वमेधघाट। हाम्रा पाइला दशाश्वमेधघाटतिर मोडिए।

दशाश्वमेधघाट बनारसकै प्रसिद्ध घाट। फराकिलो र सफा घाट। जहाँ सन्ध्याकालीन आरती भव्य रुपमा सम्पन्न हुनेगर्छ। तर अहिले भने हामी बिहानीको समयमा छौँ र गङ्गाको पारिपट्टि सूर्योदयको यस्तो सुन्दर दृश्य देख्दै छौँ, जुन अभूतपूर्व लाग्दै छ हामीलाई। सूर्यको त्यो अरुण आभा देखेर हामी मोहित हुन्छौँ, गङ्गाजल अर्घ दिन्छौँ र पितृको नाममा जलाञ्जली अर्पण गर्छौं।


पण्डाहरूले श्राद्धका लागि आग्रह गर्दै छन् हामीहरूलाई, गङ्गाको किनारैभरि मोटरबोट, नाउहरू फिँजाएर यात्रुको प्रतीक्षा गरिरहेका नाविकहरूले जलयात्रा गर्न अनुरोध गर्दै छन् हामीलाई। तर उनीहरूको आग्रह पूरा गर्न सक्ने अवस्थामा छैनौँ हामी यसबेला।

बनारस भनेको घाटैघाटको शहर त हो। राजघाटदेखि असीघाटसम्मका १०८ घाटहरू, अर्थात् बरुण नदीको सङ्गमदेखि असी नदीको सङ्गमसम्म फैलिएकै कारण वाराणसी नाम रहन गएको भनी जानकारी दिएका छन् हाम्रा पूर्वजहरूले। मैले सुनेको अर्को कुरा के हो भने यी घाटहरूमध्ये मणिकर्णिका लगायत पाँचवटा घाट शवदाहका लागि र बाँकी सबै स्नानका लागि छुट्याइएका छन् रे! तसर्थयस पुण्य नगरीमा हामीले कुन कुन घाट चहार्ने र के के प्राप्त गर्ने त? कुनै बेला चहारेकै हो दशाश्वमेधदेखि मणिकर्णीकासम्मका घाटहरू तर अहिले सम्भव छैन। हामी एकछिन निकै दूरीसम्म फैलिएकी उत्तरवाहिनी गङ्गा र त्यसै गङ्गाजलमा परेको बालसूर्यको रक्तिम छटा देखेर तन्मय भयौँ र नतमस्तक भई फर्कियौँ।

फर्कंदै गर्दा बाटो छेउछाउमा बन्दै गरेका जेरी पुरी र पेडाहरूले लोभ्याउँदै थिए हामीलाई। तर रोचक दाइले हाम्रो मन अर्कैतिर तान्दै हुनुहुन्थ्यो। बाटोको ठाउँठाउँमा देखिँदै थिए – विश्वनाथ जाने गल्लीहरू। विश्वनाथ जाने गल्लीको पहिचान गर्न गाह्रो थिएन, गल्लीको मुखमुखमा देखिन्थे पुलिसका झुण्डहरू।

मन्दिरको मुखमा पुलिसको झुन्ड किन चाहियो? आवश्यक थिएन। तर आवश्यक भयो– धार्मिक अतिवाद वा अन्धभक्तिका कारण। हिन्दू मन्दिर भएको ठाउँमा मस्जिद बन्नैपर्ने धार्मिक असहिष्णुभाव। हिन्दू मन्दिरको अस्तित्वलाई अगाडि किन राख्दै छु भने हिन्दू धर्म भनेको सनातन धर्म हो। सनातन वा आदिकालदेखि चलिआएको धर्म। यसको आरम्भिकसमय यति नै हो भन्ने ऐतिहासिक तथ्य छैन।

यो त ऋषिमुनिहरूद्वारा क्रमशः प्रतिपादित हुँदै आएको सनातन संस्कार हो। तर हजरत महम्मदले प्रतिपादन गरेको इसाइ धर्मको इतिहास त चौध सय वर्षअघिदेखिको मात्र त हो। (क्रमशः)



# दशकदेखि जलिरहेछ सिरिया



**विष्णु भट्टराई**

ट्युनिसियाका एम श्रमजीवी मोहम्मद वैआजिजिको मृत्युले उत्तर अफ्रिका र मध्यपूर्वका अरबी मुलुकहरूमा दशकौंदेखि तानाशाही शासन चलाउँदै आएका तानाशाहहरूका विरुद्धमा जनआन्दोलनको आँधीबेरी सिर्जना गरायो। बैआजिजि ट्युनिसियाका एक सामान्य नागरिक थिए। १७ डिसेम्बर २०१० मा उनलाई ट्युनिसियाली प्रहरीले पक्राउ गऱ्यो। प्रहरीले पक्राउ गर्नुपर्ने त्यस्तो अपराध उनले केही गरेका थिएनन्। बैआजिजिले बिना लाइसेन्स तरकारी बेच्नु नै सरकारी दृष्टिमा अपराध ठहरियो। ट्युनिसियामा बढ्दो शैक्षिक बेरोजगारी ठूलो चुनौती बनेको थियो। बैआजिजि तिनै युवामध्ये एक थिए जो तरकारी बेचेर बिहान बेलुकाको छाक टार्थे। तर उनलाई रोजगारीको अवसरको त कुरै छोडौं तरकारी बेचेर गुजरा गर्न पनि सरकारले दिएन। गिरफ्तारीपछि उनी हदै निराश भए। आफू अपमानित भएको ठाने। बाँच्नुको अर्थ देखेनन् उनले, न त देखे जीवनको कुनै महत्व। दिनैपिच्छे भोकभोकै मर्नुभन्दा बरु एकपटक सदाका लागि मर्नु नै उचित ठाने उनले। निरंकुश शासकलाई खिच्याउँदै सरकारी कार्यालयअघि नै आत्मदाहको प्रयास गरे उनले। ४ जनवरी २०११ म उनले यस धरतीबाट सधैं सधैंलाई बिदा लिए। उनको मृत्युले ट्युनिसियामा तरकारीका लागि होइन लोकतन्त्रका लागि लड्न लाखौं युवाहरूलाई प्रेरित गरे। उनको मृत्यु बाँच्नेहरूको आत्मामा तानाशाही शासनविरुद्ध लड्ने अजेय शक्ति भएर जाग्यो।

जनविद्रोह दबाउन ट्युनिसियाका शासक बेन अलीले सम्पूर्ण राज्य शक्तिको दुरुपयोग गरे तर आन्दोलन झनै तीव्र रुपमा अघि बढ्यो। आखिर बेल अली साउदी अरबमा शरणार्थी बन्न पुगे। ट्युनिसियाबाट उनी भाग्न बाध्य भए। ट्युनिसियाबाट सल्किएको लोकतन्त्रको आगो मध्यपूर्वमा डढेलोको रुपमा फैलियो। इजिप्टमा होस्नी मुबारकको सत्ता ढल्यो। लिबियामा कर्णेल गद्दाफी मारिए। यमनमा पनि निरंकुशता ढल्यो। सिरियामा असद सत्ता ढाल्न विद्रोह उठ्यो। अरब वसन्तले सिरियाको असद शासनलाई भने ढाल्न सकेन। सिरिया अहिले बमको धूवाँभित्र निस्सासिइरहेको छ। सिरिया विदेशी शक्तिराष्ट्रहरूको खेलमैदान बनेको छ। विशेषतः अमेरिकी स्वार्थका कारण सिरियाली युद्ध अन्त्यहीन बनेको हो। सन् १९६८ मा ब्रिटेनले मध्यपूर्वी एसियामा रहेका आफ्ना सैन्य अखडाहरू फिर्ता गरेपछि अमेरिका यस क्षेत्रमा पसेको हो।

मध्यपूर्वको महत्वबारे पहिलेदेखि नै अमेरिकाले अवधारणा बनाउँदै आएको थियो। तत्कालीन अमेरिकी राष्ट्रपति लआइजनहावरले मध्यपूर्वी क्षेत्र अन्य क्षेत्रभन्दा महत्वपूर्ण छ भनेका थिए। राष्टपति लआइजनहावरले मध्यपूर्वी क्षेत्र अन्य क्षेत्रभन्दा महत्वपूर्ण छ भनेका थिए। राष्ट्रपति रिचर्ड निक्सनले पनि मध्यपूर्वी क्षेत्रलाई सबै शक्ति राष्ट्रहरूको स्वार्थ ठोक्किने क्षेत्र भनेका थिए। ज्वाइन्ट चिफ्स अफ स्टाफका अध्यक्ष जर्ज एस ब्राउनले २० जनवरी १९७७ मा कांग्रेसका रिपोर्ट पेस गर्दै भनेका थिए- मध्यपूर्वी क्षेत्र यस्तो महत्वपूर्ण करिडोर हो जसले पूर्वी गोलार्द्धका तीनवटा महत्वपूर्ण महादेशलाई जोड्छ।

तत्कालीन अमेरिकी विदेशमन्त्री हेनरी किसिन्जरले पनि भनेका थिए- मध्यपूर्वी एसिया नीतिको प्रमुख उद्देश्य भनेको सोभियत संघको यस क्षेत्रमा हुन सक्ने भूमिका र प्रभाव रोक्नु नै हो। पश्चिम एसियामा अमेरिकी स्वार्थहरूलाई सैद्धान्तिकरण गरेर यिनै अवधारणलाई आत्मसात गर्दै अमेरिकाले आफ्नो विदेश नीति तय गरेको छ। हतियार बिक्रीका लागि मध्यपूर्व अमेरिकाको खुला बजार भएको छ। अमेरिकी समर्थक पर्सियन मुलुकहरूले अमेरिकी हतियार खरिद गरिरहेका छन्। साउदी अरबले अरबौंको अमेरिकी हतियार खरिद गर्दै सिरियाका विद्रोहीहरूका हातमा पठाइरहेको छ।

सन् २०११ मार्चदेखि सिरियामा राष्ट्रपति बसर हल असदलाई हटाउन विद्रोह सुरु भयो। आन्दोलन उठेको १ महिनापछि आन्दोलन गृहयुद्धमा परिणत भयो। जुन गृहयुद्धमा हालसम्म साढे ३ लाख बढीले ज्यान गुमाइसकेका छन्। यसबाट भएको आर्थिक, भौतिक क्षतिको परिकल्पना गर्न सकिँदैन।

विद्रोहीहरू अमेरिकाको सहयोगमा असद सत्ता ढाल्नतिर लागे भने राष्ट्रपति असद रुसको सहयोगमा विद्रोह दबाउन लागे। जुन युद्ध यतिबेला जटिल र भयानक मोडमा पुगेको छ। सन् १९७१ देखि सत्तामा रहेको बाथ पार्टीको शासनको अन्त्यको माग गर्दै सुरु भएको विद्रोहमा स्लामिक स्टेट आईएस अल नुसराफन्ट र तालिवान जस्ता आतंकवादी संगठन हाबी बन्दै गएका छन्। पछिल्लो समयमा करिब ४ लाख सिरियालीहरूको बसोबास रहेको बुटामा सरकारी सेनाले आफ्नो नियन्त्रणमा लिनका लागि निर्णायक कारबाही थालेपछि युद्धमा देखिएको बर्बरताले विश्वलाई झस्काइरहेको छ। पछिल्ला १ दशकदेखि युद्धमैदानमा परिणत भएको सिरियामा कुनै त्यस्तो भूभाग छैन जहाँ युद्धले थिलथिलो नबनाएको होस्।

सन् २०११ को अक्टोबर २० मा सिरियाली नागरिकले त्यहाँका मुख्य सहर होम्स र दमासकसमा ठूलो खुसीयाली मनाए। तर सिरियामा त्यसरी खुसीयाली मनाउन कुनै अवसर भने थिएन। उनीहरूले लिबियामा गद्दाफी शासन अन्त्यको खुसीयाली त्यहाँ मनाएका थिए।

चार दशक लामो समय लिबियामा शासन गरेका लिबियाका राष्ट्रपति माउमर गद्दाफीलाई लिबियाली विद्रोहीले नै आफ्नै भूमिमा नियन्त्रणमा लिई हत्या गरेका थिए। मध्यपूर्वी राष्ट्रमध्ये सबैभन्दा लामो समय शासन गरेका र तानाशाही प्रवृत्तिका शासक गद्दाफीको हत्यापछि सिरियाली नागरिक उत्साहित भएका हुन्।

अरव वसन्त नाम दिइएको मध्यपूर्वी राष्ट्रहरूको आन्दोलन सन् २०१० को अन्त्यतिरिबाट सुरु भएको हो। उक्त आन्दोलन ट्युनिशियाबाट सुरु भयो र लिबिया हुँदै सिरियासम्म फैलियो। लिबियामा अमेरिकी सेनाको प्रवेश भयो र गद्दाफी विरुद्धको विद्रोही समूहलाई सघायो। गद्दाफीले शासन छोडे र लुके। अन्ततः अमेरिकी सेनाको सहयोगमा आफ्नै देशका विद्रोहीले उनीविरुद्धको आन्दोलनकै क्रममा गद्दाफीलाई खोजीखोजी मारे।

गद्दाफी शासन अन्त्यले आफ्नो देशमा पनि सकारात्मक प्रभाव पार्ने अनुमान सिरियालीले गरेका थिए। त्यसैले उनीहरूले लिबियामाजस्तै नागरिक स्वतन्त्रताको पालो अब सिरियाको भनेर नाराबाजी गरे र एक किसिमको विजय जुलुस नै गरे। लिबियाबाट सुरु भएको तानाशाही शासनको अन्त्य र प्रजातन्त्रको उदयको अभियानले मध्यपूर्वी अरु देशमा पनि प्रत्यक्ष रुपमा प्रभाव पार्ने अनुमान सिरियाली नागरिकको थियो।

त्यस समयमा सिरियाली नागरिक मात्र नभई विश्वका सञ्चारमाध्यमले पनि यो अड्कल गरेका थिए। गद्दाफीको हत्या भएको भोलिपल्ट अक्टोबर २१ मा विश्वका अखबारका प्रमुख समाचारमा यसपछिको पालो सिरियाको भन्ने अड्कलबाजी पनि लगाइएको थियो। त्यस्तै मध्यपूर्वको आन्दोलनलाई अरब वसन्तको उपमा दिने कतिपय पश्चिमा राजनीतिक विश्लेषकले पनि सिरिया र लिबियाका राजनितिक दमनका प्रकृति एकै खालको भएकोले अबको पालो सिरियाली राष्ट्रपति बसर अल असद भनेर पनि अनुमान गरेका थिए।

ती सिरियाली अवोध नागरिकले खुसीयाली मनाएको आज १० वर्ष भइसकेको छ। यसबीचमा सिरियामा धेरै पानी बगेको छ, पानीमात्र होइन कि त्यहाँका खोलामा सिरियालीको रगत नै बगेको छ। त्यसैगरी ती पश्चिमा विश्लेषकहरूको अड्कलबाजीको छ वर्षपछि पनि सिरियामा वसन्तको बहार हुन सकेको छैन। यहाँका नागरिकले प्रजातन्त्रको फल चाख्न पाउनु त कता हो कता शान्तिसँग आफ्नै थातथलोमा बस्न समेत पाएका छैनन्। यसबीचमा यहाँका घटीमा पनि साढे चार लाख नागरिकले ज्यान नै गुमाएका छन्। अरु लाखौं लाख घाइते छन् भने दशौं हजार घरबाट लखेटिएर विदेशमा शरणार्थी भएर बाँच्नु परेको छ।



यतिखेर सिरियामा लाग्छ मानव उत्पत्ति पछिकै सबैभन्दा क्रुर हिंसा जारी छ। सिरियामा रुसी आक्रमणमा परी बालबालिकाको हत्याको शृंखला सामाजिम सञ्जालमा राखिएको छ र ती दृश्यले यतिखेर संसारकै मन रुवाइरहेको छ।

यसै कारबाहीको टिप्पणी गर्दै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुथ्रेसले त यसलाई पृथ्वीको नर्कको संज्ञा दिएका छन्। उनले सिरियामा हिंसा रोक्न आग्रह गर्दै भनेका थिए, 'यो पृथ्वीकै सबैभन्दा ठूलो नर्क हो, यस्तो क्रुरता नरोक्नुको अर्को कुनै विकल्म कसैसँग पनि छैन र हुनुपनि हुँदैन।'

रुसको विरोध भए पनि संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले त्यहाँ कम्तीमा ३० दिनका लागि युद्धविराम गर्न प्रस्ताव पारित पनि गरेको थियो। तर त्यसको पालना भएन। नवदार्शनिक नामक एक अन्तर्राष्ट्रिय अभियानका संस्थापक बर्नार्ड हेन्री लेभी भन्छन्, 'अफगानिस्तानको कुन्दुजमा मेडिसाँ साँ फ्रँतियर्स अस्पतालमा अमेरिकाले गल्ती गरी भएको बम आक्रमणबाट विश्व केही वर्षअघि निकै त्रस्त भएको थियो। अमेरिकी नियन्त्रित क्षेप्यास्त्रको बदलामा क्रेमलिनले निरन्तर रूपमा अनियन्त्रित बम उपयोग गरी हवाई आक्रमण गर्दै गयो भने सिरियामा कतिवटा कुन्दुज उत्पन्न हुनुहुन भन्न गाह्रो छ।' यो रुसी रणनीतिको एउटा उदाहरण मात्र हो तर यसले रुसी राष्ट्रपति पुटिनले आफ्नो पछिल्लो विदेशमा आक्रमणको योजनालाई कसरी कार्यान्वयन गर्ने छन् भन्ने देखाउँछ।

बर्नाडको दाबी छ, 'रुसी सैनिक कारबाही हालसम्म सिरियाको हवाई क्षेत्रमा रुसको नियन्त्रणका लागि र उसको स्वार्थको सुरक्षाका लागि तथा इस्लामिक स्टेटलाई पराजित गर्ने उसको प्रयासलाई बलियो बनाउनका लागि भएको छ भन्ने भ्रममा हामी पर्नुहुन्न।'

रुसी हवाई आक्रमण बिगतमा पनि इडलिब, होम्स तथा हामास्थित नगरमा लक्षित थियो। रुसी आक्रमणको प्राथमिक उद्देश्य राष्ट्रपति असदको शासनसँग युद्ध गरिरहेका प्रजातान्त्रिक प्रतिपक्षसहितका सबै प्रतिपक्षीलाई कमजोर बनाउनु रहेको छ।

टर्कीले सिरियामा आफ्ना सेनाले अमेरिकाद्वारा आपूर्ति गरिएका एफ-१६ प्रयोग गर्दै सिरियाली राष्ट्रपति बसर अल असद विरुद्धको आक्रमणलाई तेज पारिरहेको अवस्थामा रसियाले भने सिरियाली राष्ट्रपति असदलाई सघाउँदै आएको अवस्था छ। यतिखेर सिरिया विश्वका शक्ति राष्ट्रहरूको युद्धको खेलमैदान बन्न पुगेको छ।

यसरी हेर्दा लाग्छ यो १ दशक वर्ष पुरानो समस्याको समाधानको भरपर्दो विकल्प अहिले पनि देखिएको छैन। राष्ट्रसंघको आग्रह मात्र आउँछ र त्यो पनि सबै शब्दमा मात्र सीमित छ। अघिल्ला केही वर्षहरूमा वार्ताको अगुवाई गरेका देखिएका अमेरिकी र रुसी नाटक पनि पछिल्लो समयमा बन्द अवस्थामा छन्। सँगै आन्दोलन सुरु भएका मध्यपूर्वी अरु राष्ट्रहरूमा उहिल्यै प्रजातन्त्र आइसक्यो तर सिरियामा भने एकजना व्यक्तिले सत्ता त्याग्न नसक्दाको परिणामले रगतको खोलो बगाइरहँदा पनि जिम्मेवारी लिने कोही भएन। यसरी अवोध नानीबाबुहरू बम र बन्दुकको शिकार भइरहँदा पनि विश्व सहयोगी भन्दा उल्टो रमिते बनिरहेको छ। अहिलेकै अवस्था जारी रहने हो भने यो नरशंहारले अझै कतिलाई शिकार खेल्ने हो भन्ने कुराको कुनै सुनिश्चितता छैन।

सिरिया युद्धको अन्त्यको उपाय वार्ता नै हुनुपर्छ भन्नेमा विश्व एकमत छ। सर्बियाका तत्कालीन राष्ट्रपति स्लोबोधन मिलासेडिकलाई वार्ताको टेबलमा ल्याउन नाटोले सर्बियाका सैन्यबलमाथि कारबाही गरेको थियो। सन् १९९५ मा बोस्नियाको द्वन्द्वको अन्त्य भएको थियो। सिरियामा युद्धरत अधिकांश विद्रोही हिंसा भड्काउने अतिवादी समूह छन्। हालैमात्र युद्ध छेड्न नसकेर ५५ लाख सिरियाली शरणार्थी मुलुकबाहिर शरण लिन बाध्य भएका र ६० लाखभन्दा बढी पूर्ण रुपमा विस्थापित भइसकेका छन्। टर्की, जोर्डन र लेबनानका सिरियाली शरणार्थीहरूको जीवन त्यत्तिकै त्रासमय छ। उनीहरू अतिवादी संगठनको निशानामा पर्ने खतरा त्यत्तिकै छ। सिरियामा विद्रोहीहरूको आन्दोलन सफल नहुनुका पछाडि विद्रोहीहरू बीचमा विभाजन हुनु हो। सुन्नी र सियालाई लडाएर हतियारको खेती गर्न पल्केका अमेरिका लगायत पश्चिमा शक्ति राष्ट्रहरूलाई सिरियाको आम विनाशले कति पनि पश्चात्ताप भएको छैन।






# टोकियो ओलम्पिकमा नेपाली टोली

काठमाडौं। ओलम्पिकलाई विश्व खेलकुदकै महाकुम्भ मानिन्छ। नेपाली खेलाडीले ओलम्पिकमा सन् १९६४ देखि प्रवेश पाएको हो। नेपालको त्यो पहिलो ओलम्पिक सहभागिता टोकियोमा थियो। ५७ वर्षपछाडि नेपाली ओलम्पिक टिम ओलम्पिकमै प्रतिस्पर्धा गर्न फेरि यो टोकियो फर्किएको छ।

नेपालको पहिलो ओलम्पिक यात्रामा ६ खेलाडी सहभागी थिए। त्यतिबेला एथलेटिक्समा भूपेन्द्र सिलवाल र गंगाबहादुर थापा टोकियोमा दौडिएका थिए भने बक्सिङमा रामप्रसाद गुरुङ, नामसिंह थापा, भीमबहादुर थापा र ओमप्रसाद पुनले प्रतिस्पर्धा गरेका थिए।

टोकियोमा ६१ वर्षअघि सामान्य घरहरू बनाएर ओलम्पिक भिलेज तयार गरिएको थियो, जहाँ ओलम्पिकमा सहभागी हुने सबै खेलाडी बसेका थिए। अहिले पनि ओलम्पिकमा सहभागी हुने करिब ११ हजार खेलाडी, प्रशिक्षक र सम्बन्धित पदाधिकारीहरू ओलम्पिक भिलेजमै बस्नुपर्छ। ५ दशकभन्दा बढी समयमा आमूल परिवर्तन भइसकेको छ। यसपालि खेलाडीहरू सानो घर होइन, ठूलै र भव्य महलमा बस्दैछन्। यसलाई पनि ओलम्पिक भिलेज नै भनेको छ।

सबैभन्दा बढी चारपल्ट ओलम्पिकमा सहभागी हुने नेपाली वैकुण्ठ मानन्धर (म्याराथन) हुन्। नेपालले ओलम्पिकमा सबैभन्दा बढी चर्चा पाएको रियो २०१६ मा हो, जहाँ ११ हजार खेलाडीमध्ये त्यो संस्करणकै सबैभन्दा कम उमेरकी खेलाडीमा पौडीकी गौरिका सिंह विश्व चर्चित भएकी थिइन्। उनी यसपालि पनि सहभागी हुँदै छिन्। उनीसँगै एलेक्स शाह दुई साता तोकुसिमामा ट्रेनिङ गरेपछि मंगलबार ओलम्पिक भिलेज प्रवेश गरिसकेका छन्।

समृद्धि देखाउन आयोजना गरिने ओलम्पिकमा जापान सरकारले अर्बौं डलर लगानी गरेको छ। तर, प्रतिफल दिने बेला जापानलाई कोभिड-१९ को महामारीले नराम्रोसँग असर गऱ्यो। महामारीकै कारण एक वर्ष सार्नुपरेको हो। आपत्काल घोषणा गरेरै भए पनि जापानले ओलम्पिक आयोजनाको तयारी गरेको छ।

गीष्मकालीन ओलम्पिक आगामी शुक्रबारदेखि जापानमा आयोजना हुँदै छ। टोकियो ओलम्पिक २०२० का लागि विश्वभरका खेलाडी तथा अफिसियल जापानमा भेला हुने क्रममा रहेका छन्। ८ अगस्टसम्म सञ्चालन हुने टोकियो ओलम्पिकको उद्घाटन २३ जुलाईमा हुनेछ। त्यसअघि २१ जुलाईदेखि फुटबललगायतका सामूहिक खेल सुरु भइसक्नेछन्।

नेपालबाट यसपटक टोकियो ओलम्पिकमा ४ खेलमा ५ खेलाडीले प्रतिस्पर्धा गर्दै छन्। युनिभर्सियालिटी प्लेसअन्तर्गत पौडीबाट गौरिका सिंह र एलेक्स शाह तथा एथ्लेटिक्सबाट सरस्वती चौधरीले प्रतिस्पर्धा गर्नेछन्। वाइल्ड कार्डबाट सुटिङकी कल्पना परियार र जुडोका सोनिया भट्ट ओलम्पिकका लागि छानिएका हुन्। पौडी, सुटिङ र जुडोका खेलाडी जापान पुगिसकेका छन्।

**खेलकुद**

एथ्लेटिक्स टोली २४ जुलाईमा जापान प्रस्थान गर्नेछ। यसपटक नेपालबाट ५ खेलाडी र ४ प्रशिक्षकसहित २४ जनाको टोली जापान पुग्नेछन्।

नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष, प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्यसचिव तथा नेपाल ह्यान्डबलका अध्यक्ष तेज गुरुङ र राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष शिवले अन्तिम समयमा जापान नजाने निर्णय गरेका छन्। सेभ दि मिसनका रूपमा राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव रमेश सिलवाल रहेका छन्। टोकियो ओलम्पिक २०२० को उद्घाटन भएको भोलिपल्ट नेपालका दुई खेलाडीले प्रतिस्पर्धा गर्दै छन्। जुडोमा सोनिया भट्ट र सुटिङमा कल्पना परियारले नेपालको चुनौती पेस गर्नेछन्। सोनियाले महिला ४८ केजीमुनि प्रतिस्पर्धा गर्नेछिन्। यस्तै सुटिङकी कल्पनाले महिला १० मिटर एयर राइफलमा प्रतिस्पर्धा गर्नेछिन्।

ओलम्पिकमा नेपाली टोलीको लक्ष्य पदकभन्दा पनि आफ्नो प्रदर्शन सुधार गर्नु नै हुनेछ। २७ जुलाईमा नेपाली पौडी खेलाडी एलेक्स शाहले पुरुष १०० मिटर फ्रिस्टाइलको हिट चरणमा प्रतिस्पर्धा गर्नेछन्। हिट चरण पार गर्न सकेमा २८ जुलाईमा अर्को खेल तथा त्यसमा पनि सफल भएको अवस्थामा फाइनल चरणमा २९ जुनमा प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ। २८ जुलाईमा जलपरी गौरिका सिंहले महिला १०० मिटर फ्रिस्टाइलको हिट चरणमा प्रतिस्पर्धा गर्नेछिन्। हिट चरणपछि २९ र ३० जुलाईमा यस इभेन्ट्समा प्रतिस्पर्धा हुनेछ।

यस इभेन्टमा गौरिकाको नाममा राष्ट्रिय कीर्तिमान रहेको छ। ३० जुलाईमा एथ्लेटिक्स खेलाडी सरस्वती चौधरीले महिला १०० मिटर दौडमा प्रतिस्पर्धा गर्नेछिन्। यो टोकियो आलेम्पिकमा नेपालका लागि अन्तिम प्रतिस्पर्धा हुनेछ। सुरुमा नेपालबाट म्याराथन धावक गोपीचन्द्र पाकीले प्रतिस्पर्धा गर्ने भनिए पनि अन्तिम समयमा सरस्वती चौधरीले १०० मिटर दौडमा खेल्ने अवसर पाएकी हुन्। ३० जुलाईमा हिट चरणको खेल हुनेछ। जुलाई ३१ मा यस इभेन्टको सेमिफाइनल र फाइनल प्रतिस्पर्धा हुनेछ। गौरिका सिंह दोस्रोपटक तथा एलेक्स, सरस्वती, कल्पना र सोनियाले पहिलोपटक ओलम्पिकको अवसर बटुल्नेछन्। गौरिका रियो ओलम्पिक २०१६ मा सबैभन्दा कान्छी खेलाडी बनेकी थिइन्।

यसैबीच टोकियो ओलम्पिक २०२० मा जाने नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ नेतृत्वको टोलीलाई सोमबार बिदाइ गरिएको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप) का कार्यवाहक सदस्यसचिव एकेन्द्र कुँवरले श्रेष्ठ नेतृत्वको ओलम्पिकमा जाने टोलीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदाइ गरिएको हो।

टोलीका अध्यक्ष श्रेष्ठसहित महासचिव निलेन्द्रराज श्रेष्ठ, युवा तथा खेलकुद मन्त्रालयका सचिव केदार न्यौपाने, राखेप बोर्ड सदस्य सुभास श्रेष्ठ र सम्पन्न श्रेष्ठलगायत छन्। नेपालबाट ओलम्पिकमा जाने यो तेस्रो टोली हो। यसअघि पौडी टोली, सुटिङ र जुडो टोली जापान पुगिसकेका छन्। अब एथलेटिक्स टोली २५ जुलाईमा त्यसतर्फ प्रस्थान गर्ने तालिका छ।

टोकियो ओलम्पिक २०२० यही सन् २०२१ को जुलाई २३ देखि अगस्ट ८ सम्म आयोजना हुनेछ। नेपालको सहभागिताको सबै तयारी पूरा भइसकेको नेपाल ओलम्पिक कमिटी (एनओसी) ले यसअघि नै बताइसकेको छ।



प्रेरक

## बुद्ध र बुद्धि



बुद्ध पटना (पाटलीपुत्र) मा आएका थिए । राजा बिम्बिसारको मृत्युले जनता शोकाकुल बनेका थिए । २१ वर्षकै उमेरका राजा बुद्धभन्दा पाँच वर्ष कान्छा थिए । उनी २१ वर्षकै उमेरका राजा भएका थिए र ५१ वर्ष शासन गरेका थिए । जीवनको उत्तरार्द्धमा उनले बौद्ध धर्म अपनाएका थिए । यिनकै मृत्युमा दुःख प्रकट गर्न बुद्ध त्यहाँ आएका थिए । जब बुद्ध नगरको बीचमा आइपुगे एउटा मत्त हात्ती बेजोडका साथ नगरतर्फ आयो । मान्छेहरूको भागाभाग भयो । बुद्धका शिष्य जो बुद्धसँगै थिए आनन्द, उनले पनि बुद्धलाई भाग्य आग्रह गरे । तर बुद्ध भने हात्ती हानिँदै आएको हेर्न थाले । परबाट हेर्ने मानिसहरूले अडकल गरे आज बुद्धलाई हात्तीले मार्नेछ ।

जब हात्ती बुद्धको नजिक आइपुग्यो, बुद्धले ठूलो स्वरमा पोथी हात्ती (ढोई) को आवाज निकाले । उनले यस्तो आवाज लगातार निकालिरहे । त्यो अघिको बहुला जस्तो हात्ती त बुद्धको अगाडि थचक्कै पो बस्यो । बुद्धले हात्तीको टाउको सुमसुम्याइदिए र यसलाई हस्तेबेलामा लैजान भने । हस्तेबेलाका कामदारहरूले हात्तीलाई जंजिरमा बाँधे र दरबारको हस्तबेलातर्फ लगे । हस्तबेलाका कामदारहरूले हात्तीले पोथी हात्ती खोजेर साङ्लो चुँडाएको बुद्धलाई जानकारी गराए र माफी मागे । पोथी हात्तीको आवाजले नै त्यो मत्तहात्ती शान्त भएको रहस्य बुद्धले सबैलाई बताए ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

काम गर्ने अवसर प्राप्त भए पनि प्रतिफल प्रतीक्षा गर्नुपर्ला । अरूको भरपर्दा आफ्नो काम प्रभावकारी काम नहुन सक्छ । परिबन्धले समस्या निम्त्याउने हुँदा योजना गोप्य राखेर अघि बढ्नुहोला । आलोचकहरूलाई पनि व्यवहारले समेट्ने प्रयास गर्नुहोला । मिहिनेत गर्दा नियमित काम सम्पादन हुनेछन् । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुऱ्याउनुहोला ।

### वृष

रमाइलो यात्रा र मनोरञ्जनको आनन्द लिने समय छ । प्रेम र मित्रताको बन्धन कसिनेछ । विभिन्न भौतिक वस्तुहरू जुटाउन सकिनेछ । लगनशीलताले नयाँनयाँ काम गर्ने अवसर दिलाउनेछ । साँझदेखि स्वास्थ्यमा कमजोरी देखापर्न सक्छ । केही विवादास्पद कामको जिम्मेवारी समेत वहन गर्नुपर्ला । प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोऱ्याउनुपर्ला ।

### मिथुन

पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ । तर जिम्मेवारी बढे पनि काम बिग्रने भयले सताउन सक्छ । न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति देखिन्छ । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला । साँझतिर अरूको वादविवादले आफ्नो काम रोकिएला । रमाइलो परिस्थिति खलबलिन सक्छ ।

### कर्कट

सुखद समाचारले उत्साह जगाउनेछ । अध्ययनमा प्रगति हुनेछ । मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउन सक्छ । तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ । बौद्धिक अभिव्यक्तिको प्रभाव बढ्नेछ । साँझदेखि नयाँ कामतर्फ अग्रसर भइनेछ । आम्दानीका स्रोत पनि बढ्नेछन् । प्रतिस्पर्धामा विजयी भइनेछ । साथीभाइ तथा इष्टमित्रहरुबाट सहयोग मिले पनि सन्तोषजनक हुने छैन ।

### सिंह

हतारमा निर्णय लिँदा काम बिग्रन सक्छ । तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्नेछ । बेसुरमा बोल्ने बानीले पनि दुस्ख पाइनेछ । अरूलाई दिएको वचन पूरा गर्न नसकिए पनि शुभचिन्तकहरूले साथ दिनेछन् । साँझदेखि बौद्धिक कलाको प्रभाव बढ्नेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ । पहिलेको दुविधाले निर्णायक मोड लिनेछ । आम्दानीका स्रोत बढ्नेछन् ।

### कन्या

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । कर्मयोगले नयाँ मोड लिनेछ भने मिहिनेतले नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ । भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । साँझदेखि साथीभाइसँग सन्तुलित व्यवहार गर्नुपर्ला । बेसुरमा काम गर्दा व्यर्थैमा मिहिनेत खेर जानेछ । यात्राको प्रचुर सम्भावना छ ।

### तुला

परिस्थितिले नयाँ मार्गतर्फ अग्रसर गराउन सक्छ । विविन्न भौतिक सुविधाका वस्तुहरू जुटाउन सकिनेछ । आम्दानीका स्रोत बढ्नेछन् भने दिगो काम प्रारम्भ गर्ने समय छ । अध्ययनमा प्रगति हुनुका साथै अनुभवलाई पनि निखार्ने अवसर प्राप्त हुनेछ । काममा रुचि बढ्नेछ भने व्यापारमा राम्रै लाभ हुनेछ । साँझतिर उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ । सोचेको सबै पूरा नहुन सक्छ ।

### वृश्चिक

बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । रचनात्मक काम बन्नुका साथै मनग्गे धन आर्जन हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ ।

### धनु

समयमा होस नपुग्नाले आफ्नाबाटै टाढिनुपर्ने स्थिति आउन सक्छ । घरखर्च बढ्नुका साथै अर्थ अभाव देखा पर्नेछ । तापनि विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ । परिस्थितिवश सामान्य काममा बढी अलमल हुनेछ । अवसरको खोजीमा केही दौडधुप गर्नुपरे पनि साँझतिर मिहिनेतको प्रतिफल प्राप्त हुनेछ । दोहोऱ्याएर प्रयत्न गर्दा रोकिएको काम सम्पादन हुन सक्छ ।

### मकर

आयआर्जनका स्रोत बढ्नेछन् भने उठ्नुपर्ने रकम हातलागी हुनेछ । मिहिनेतले आम्दानी बढाउनेछ । श्रमको उचित मूल्यांकन होला । कृषि, पशुपालन तथा व्यापारमा मनग्गे लाभ हुनेछ । अध्ययनमा राम्रै प्रगति हुनेछ । नयाँ ज्ञान सिक्ने समय छ । सञ्चित धनको उपयोगबाट विशेष फाइदा हुनेछ । साँझतिर केही खर्च बढ्नेछ । यात्राको अवसर भने प्राप्त हुन सक्छ । इष्टमित्रबाट सहयोग मिल्नेछ ।

### कुम्भ

अवसर प्राप्त भए पनि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । पुरानो हिसाबकिताब सुल्झाउन समय लाग्नेछ । लगनशीलताले लाभ उठाउन सकिनेछ । स्वार्थका लागि साइनो गाँस्नेहरूबाट सजग रहनुहोला । मिहिनेतले जीवनशैलीमा सुधार ल्याउन सकिनेछ । काम गरेर दाम कमाउने अवसर प्राप्त हुनेछ । साँझतिर व्यवसायमा फाइदा हुनेछ । नयाँ काम प्रारम्भ गर्न सकिनेछ ।

### मीन

सामाजिक कामले नाम, दाम र इनाम दिलाउनेछ । आध्यात्मिक चेतनाले धर्मकर्म र सेवामा प्रवृत्त गराउनेछ । आम्दानी थोरै भए पनि आवश्यकता पूरा हुनेछन् । शुभचिन्तकहरूले साथ दिनेछन् भने भविष्यका लागि धनसञ्चय र कर्मनिश्चय गर्ने समय छ । प्रयत्न गर्दा साँझतिर कर्मको फलप्राप्ति हुनेछ । सानो प्रयत्नले कीर्तिमानी कामको यश लिने सौभाग्य समेत प्राप्त हुनेछ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Extrinsic = गुदी नभएको, कम महत्वको As the testimonies were extrinsic, the judge did not admit them (प्रमाणहरू कममहत्वको भएको हुंदा न्यायाधीसले त्यसलाई स्वीकारेनन)

Frigid = अतिनै चिसो As Alaska is frigid zone, there are not much activities compared to any other zones of the earth (अलास्कामा ज्यादै चिसो हुने भएको हुंदा पृथ्विको अरू ठाउमा जस्तो त्यहा धेरै क्रियाकलाप हुंदैनन)

Granulate = अन्नाकार वनाउनु Granulated sugar dissolves easily than lump sugar (ढिक्का चिनी भन्दा अन्नआकारको चिनी सजिलै पग्लन्छ)

Hinterland = धेरै आवतजावत नुहने परको ठाउ As they live in hinterland, they have seldom visitors तिनीहरू परको ठाउमा वस्ने हुंदा तिनीहरूकांहा पाहुना प्राय हुंदैनन )

Hamstring = भाजो हाल्नु To hamstring other's effort to progress is not a good thing अरूले गर्न लागेको प्रगतिको प्रयत्नमा भांजो हाल्नु राम्रो कुरा होइन )

Insensible = मतलव नदेखाउने As he is suffering from chronic disease, all of his family members are insensible thereto (उ कहिले निको नहुने रोगबाट ग्रसित भएको हुंदा उस्का परिवारका सदस्यहरूले उस्को रोग प्रति त्यति मतलव देखाउदैनन)

Log = दैनिक क्रियाकलाप वा घटनाको सूची, सूचीकरण गर्नु The works that have been completed by me has been logged in the computer (म द्वारा संपादित कामहरू सबै कम्प्यूटरमा सूचीकरण भएका छन् )

Muddle= भ्रम सृजना गर्ने खालको I find his thought quite muddling (मलाई उस्का विचारधारा भ्रमपूर्ण लाग्दछन)

Nepotism = नातावाद Hari resigned from his position as he knew the basis of promotion was not ability rather nepotism (नातावादको आधारमा वढुवा हुने कुरा थाहापाएर उस्ले जागिरबाट राजिनामा दियो )

Orthodox = कट्टरवादी Principally, he is orthodox but he is practical while dealing with people (सिध्दान्तमा कट्टरवादी भएतापनि जनसंर्पकमा उ ब्यवहारिक छ )

## Sit बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Sit on = मा वस्नु I am bored of sitting on a chair कुर्सिमा वसिरहदा म दिक्क भएको छु ।

Sit at table = टेवलमा वस्नु somebody feels uncomfotrtable sitting at table to eat कोहि टुवलमा वसेर खान अपठेरो मान्छन ।

Sit in an arm chair = कुइने कुर्सीमा वस्नु It is comfortabe to sit in an armchair कुइने (कुइना अड्याउन मिल्ने) कुर्सिमा वस्दा आराम महसुस हुन्छ।

Sit on a horse = घोडा चढनु She is afraid of sitting on a horse तिनी घोडा चढ्न डराउछिन ।

Sit down = वस्नु He sat down and took his shoes off उस्ले वसेरै आफ्नो जुत्ता फुकाल्यो ।

Sit for = लागि वस्नु I sat five hours everyday a week to finish this painting मलाई यो चित्र सिध्याउन हरेक दिन ५ घण्टा हप्ता भरी वस्नु पर्‍यो ।

Sit at = मा वस्नु The Federal parliament sits today at 5 O'clock संघीय संसद आज ५ वजे वस्छ ।

Sit well = खुकुलो तर सरलक्क मिल्नु I like the dress that sits well मलाई खुकुलो तर सर्लक्क मिलेको लुगा मनपर्छ ।

Sit for = ओथारा वस्नु When hen sits for most of the days, she hatches कुखुरी दिन भर वस्छे भने फुल पार्छे ।

Sit on shelf = र्‍याकमै थन्कनु As I have no time, the novel I bought sits still on shelf समय नहुदा किनेको उपन्यास अझै र्‍याकमै थन्केको छ ।

### सुडोकु-अंक २२६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | ६ | ७ | | | ३ |
| | | | | १ | | | | |
| | ९ | ८ | २ | | ४ | | | |
| | | | ७ | | | | | |
| | | | ४ | | | | ८ | ५ |
| ५ | | | | | ३ | | ६ | |
| | ५ | | | | | ४ | ७ | |
| | | | | | | | ३ | |
| | ४ | २ | ८ | | | १ | ५ | |

### अंक २२५ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ५ | ८ | १ | २ | ३ | ६ | ९ | ७ |
| ६ | ३ | २ | ७ | ९ | ५ | १ | ८ | ४ |
| ९ | ७ | १ | ४ | ६ | ८ | ५ | २ | ३ |
| ३ | ८ | ४ | २ | ५ | ९ | ७ | ६ | १ |
| ७ | १ | ५ | ६ | ८ | ४ | २ | ३ | ९ |
| २ | ६ | ९ | ३ | १ | ७ | ४ | ५ | ८ |
| ८ | २ | ६ | ९ | ४ | १ | ३ | ७ | ५ |
| १ | ९ | ७ | ५ | ३ | २ | ८ | ४ | ६ |
| ५ | ४ | ३ | ८ | ७ | ६ | ९ | १ | २ |

# समाचार संक्षेप

## मृत फेला

काठमाडौं । सोलुखुम्बु, थुलुङ दुधकोशी गाउँपालिका(२ राई गाउँ बस्ने २९ वषीय असिम बस्नेत घरबाट करिब ७ सय मिटर टाढा जंगलमा मंगलबार मृत अवस्थामा फेला परेका छन्। घरबाट कसैलाई नसोधि सोमबार हिँडेका उनी फकी नआएपछि खोजी गर्नेक्रममा उक्त जंगलमा उनको शव फेला परेको हो । महोत्तरी, बर्दिबास नगरपालिका(१ स्थित कटुवाल खोलाको छेउमा सोही ठाउँ बस्ने ७३ वषीय सरुणे कामी मंगलबार मृत अवस्थामा फेला परेका छन् । मोरङ, बिराटनगर महानगरपालिका-११ स्थित घर अगाडी पेटीमा हाल नाम, थर, वतन नखुलेका करिब ६५ वषीय पुरुष मंगलबार मृत अवस्थामा फेला परेका छन् ।

यस्तै रुपन्देही, सियारी गाउँपालिका-१ रखौना बस्ने ३५ वषीया पुष्पा कंडेल आफ्नै घर नजिकैको ट्वाईलेट पछाडी सोमबार मृत अवस्थामा फेला परेकी छन् । यसैगरी रुपन्देही, सिद्धार्थनगर नगरपालिका-१ बेलहिया बसपार्कमा हाल नाम, थर, वतन नखुलेका बिगत ७ वर्षदेखि सोही ठाउँमा मागी खाई हिड्ने गरेको बताइएका करिब ४० वषीय पुरुष सोमबार मृत अवस्थामा फेला परेका छन् । पाल्पा, रिब्दिकोट गाउँपालिका-१ ख्याहा बस्ने ६६ वषीय शालीकराम बिक घरबाट ३ सय मिटर टाढा देउराली-ख्याहा सडक नजिक खरबारीमा सोमबार मृत अवस्थामा फेला परेका छन् । शुक्रबार कोही कसैलाई नसोधी हिँडेका उनी उक्त बारीमा मृत फेला परेका हुन् । दाङ, गढवा गाउँपालिका-६ बस्ने २० वर्षीय दिपक बिक आफ्नै घरबाट करिब २ सय मिटर टाढा रहेको पानीको खाडलमा सोमबार मृत अवस्थामा फेला परेका छन् ।

## भीरबाट लडेर मृत्यु

वाग्लुङ । काठेखोला गाउँपालिका-५ सापकोटा चोक बस्ने ४५ वषीय ईन्द्र बहादुर पुनको भीरबाट लडेर मंगलबार विहान मृत्यु भएको छ । उनकै घरबाट करिब ४ किमि टाढा झौरियाको वनमा एक्लै घाँस काट्न गएकोमा भीरबाट करिब ५ सय मिटर तल लड्दा उनको घटनास्थलमै मृत्यु भएको खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय समेतबाट प्रहरी टोली खटिई गई यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

## मदिरा सेवनबाट ४ जनाको मृत्यु

बागलुङ । गलकोट नगरपालिका-७ मल्मस्थित मल्म खानेपानी आयोजनामा काम गर्ने रोल्पा सुनिल स्मृती गाउँपालिका-५ गजुल बस्ने २१ वर्षीय दिपेन्द्र पुन मगर समेत ४ जनाको घरेलु मदिरा सेवनबाट सोमबार राति मृत्यु भएको छ भने २ जनाको अवस्था गम्भीर रहेको छ । गलकोट नगरपालिका-७ बस्ने भद्र बहादुर थापाको मिलन किराना पसलमा घरेलु मदिरा ८ बोतल, चाउचाउ, दालमोट र बिस्कुट समेत सेवन गरी कोठामा गएका उनीहरू बिरामी भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय गलकोट र प्रहरी चौकी हटियाबाट खटिएको प्रहरी टोलीले उपचारका लागि तत्काल ईमेर्जेन्सी पोलिक्लिनिक हटिया हुँदै धवलागिरी अस्पताल बागलुङ पठाएकोमा थप उपचारको क्रममा उनीहरूको मृत्यु भएको हो । अन्य २ जनाको उपचार भइरहेको छ ।

## दुर्घटनामा १ जनाको मृत्यु

धादिङ । गजुरी गाउँपालिका(६ बन्छेटारस्थित सडकमा बा.५ ख ३०४८ नम्बरको ट्रक र बा. प्र ०२-०२३ प. ०२५४ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएर सोमबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकल चालक धादिङ खन्याबास गाउँपालिका(४ दार्खा बस्ने ३२ वषीय तारा बहादुर गुरुङको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्राथमिक स्वास्थ्य केन्द्र गजुरीमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएकी मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने २१ वषीया अन्जु गुरुङलाई प्राथमिक स्वास्थ्य केन्द्र गजुरी हुँदै थप उपचारको लागि ट्रमासेन्टर काठमाडौंतर्फ पठाइएको छ ।

## डुबेर मृत्यु

काठमाडौं। सिरहा, लहान नगरपालिका(१९ नौडेगा बस्ने शोभित सदायको ५ वषीय छोरा आदे सदायको सोमबार दिउँसो सोही ठाउँस्थित सार्वजनिक पोखरीमा डुबेर मृत्यु भएको छ । सप्तरी, महदेवा गाउँपालिका-४ बलियाटोलस्थित भगवती मन्दिरको पोखरीमा आफ्नै आमासँग नुहाउने क्रममा डुबेर सोही ठाउँ बस्ने मो।मुस्ताकको ५ वषीय छोरा मो।ईसराइलको सोमबार दिउँसो मृत्यु भएको छ । पर्सा, पकहामैनपुर गाउँपालिका(४ खेस्राहा बस्ने ६५ वषीय सिताराम माझीको सोही ठाउँ लोहार ठकरीस्थित माछा पोखरीमा डुबेर सोमबार साँझ मृत्यु भएको छ ।

यस्तै रुपन्देहीको लुम्बिनी साँस्कृतिक नगरपालिका-७ अधियारी बस्ने १९ वषीया रिनु यादवको सोही ठाउँस्थित पोखरीमा डुबेर सोमबार बिहान मृत्यु भएको छ । घरबाट कसैलाई नसोधी हिडेकोमा फर्कि नआएपछि खोजी गर्ने क्रममा उक्त पोखरीमा डुबी मृत्यु भएको अवस्थामा उनको शव फेला परेको हो ।

## सेफ्टी ट्यांकीमा खसेर मृत्यु

काठमाडौं । काठमाडौं स्वयम्भु बस्ने दोलखा कुन्जल गाउँपालिका(४ घर भएका निवास शेर्पाको छोरा ६ वषीय विश्व उदासको सेफ्टी ट्याङ्कीमा खसेर सोमबार साँझ मृत्यु भएको छ । कीर्तिपुर नगरपालिका-१० सुन्दरिघाटस्थित कृषि तथा पशु क्याम्पसको निर्माणधिन ट्याङ्कीमा पर्खाल लगाउने क्रममा बाबुसँगै आएका उदासको खेल्ने क्रममा अचानक खसेर गम्भीर घाइते भएकोमा बयोधा अस्पताल बल्खुमा उपचारको क्रममा मृत्यु भएको हो ।

## करेन्ट लागेर मृत्यु

काठमाडौं । लमजुङ, राईनास नगरपालिका-७ सालफेदि बस्ने राकेश पाण्डेकी छोरी ८ वषीया सृष्टि पाण्डेको करेन्ट लागेर सोमबार बिहान मृत्यु भएको छ । टिभि हेर्नेक्रममा सेटअप बक्समा छुन जाँदा करेन्ट लागी अशक्त भएकी उनको उपचारको लागि सहोदर अस्पताल धमिलिकुवातर्फ लैजानेक्रममा बाटोमै मृत्यु भएको हो । सर्लाही, बसवरिया गाउँपालिका-६ सोहडवास्थित राम जानकी मठका पुजारी बिष्णु गाउँपालिका-८ बत्रौल घर बताउने ६० वषीय किशोरी दास बैरागीको करेन्ट लागेर सोमबार बिहान मृत्यु भएको छ । भजन किर्तनको लागि माइकको तार जोड्ने क्रममा करेन्ट लागेर उनको मृत्यु भएको हो ।

## काम गर्ने क्रममा लडेर मृत्यु

ललितपुर । ललितपुर महानगरपालिका-१५ थसिखेल डेरा गरी बस्ने भारत मोतिहारी घर भएका ४० वर्षीय पन्नालाल महतोको काम गर्नेक्रममा लडेर मृत्यु भएको छ । काठमाडौं सामाखुसीस्थित निर्माणाधीन घरको भुइँतलामा आइतबार लडेर बेहोस भएका उनको गणेशमान अस्पताल ललितपुर हुँदै बिएन्डबी अस्पताल ग्वार्कोमा थप उपचारको क्रममा सोमबार बिहान मृत्यु भएको हो ।

## दुर्घटनामा ६ जनाको मृत्यु

काठमाडौं । काठमाडौं, अछाम, मकवानपुर,महोत्तरी, चितवन र रुपन्देहीका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा परी ६ जनाको मृत्यु भएको छ । काठमाडौं महानगरपालिका(२६ नयाँबजार मनाङगेट नजिक सडकमा प्र.न.०२-०१९ प.९९५९ नम्बरको मोटरसाइकललाई प्र.न.०३ ०१-००३ क ४९९४ नम्बरको आईचर क्रेनले आइतबार दिउँसो ठक्कर दिंदा मोटरसाइकल चालक काठमाडौं टोखा नगरपालिका-४ बस्ने २० वषीय पुजन नगचीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको पिपल्स अस्पताल नयाँबजारमा उपचारको क्रममा मृत्यु भएको हो । आईचर क्रेन चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

अछाम, मंगलसेन नगरपालिका-१४ कालागाउँस्थित सडकमा कालागाउँबाट ठाँटीखादतर्फ जाँदै गरेको अन टेष्ट लेखिएको जेसिबी अनियन्त्रित भई सडकबाट अन्दाजी ७० मिटर तल खसेर आइतबार राति दुर्घटना हुँदा जेसिबीमा सवार ढकारी गाउँपालिका(२ बस्ने ३६ वषीय राम बहादुर साँउदको घटनास्थलमै मृत्यु भएको छ । साथै दुर्घटनामा घाइते भएका जेसिबीका सह(चालक समेत २ जनाको जिल्ला अस्पताल मंगलसेनमा उपचार भइरहेको छ । हाल फरार जेसिबी चालकको प्रहरीले खोजी गरिरहेको छ ।

मकवानपुर, हेटौंडा उपमहानगरपालिका-३ बसामाडी लेवटस्थित सडकमा हेटौंडा बजारबाट नेवारपानीतर्फ जाँदै गरेको ना.२२ प. ६७७८ नम्बरको मोटरसाइकलको ठक्करबाट हाल नाम, थर, वतन नखुलेका अन्दाजी ३५ वषीय पुरुषको आइतबार राति मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको चुरेहिल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# The Offender Attempts to Judge the Victim

Recently some Western countries have been insisting that the "north Korean human rights issue" should be treated by the United Nations Security Council.

In retrospect, the UNSC discussed the DPRK's "human rights issue" and passed "human rights resolutions" against it every year from 2014. However, since 2018 it has failed to put the agenda item itself up on the table as the permanent member nations failed to reach consensus. Unhappy with this situation, those who are hostile towards the country are kicking up a fuss.

In fact, it is not the "human rights issue of north Korea" but the human rights atrocities of the US and other western countries against it that must be brought to the UNSC.

They have resorted to sanctions and blockade against the Democratic People's Republic of Korea since its nascent years, simply because it had chosen the road of socialism, the road of independence. During the Korean war (1950–1953) they used even germ weapons, massacred a large number of civilians and reduced the country to ashes. After the ceasefire, they continued hostility and intensified sanctions, at the same time as ceaselessly threatening it with nuclear war. Their hostile policy persisted even after the cold war had come to an end, and got extreme when the DPRK possessed self-defensive nuclear deterrent in response to the increasing nuclear threats by the hostile forces.

Data show that the damage inflicted upon the country by the US from September 1945 to 2005 amounted to USD 64 959.854 billion.

The current sanctions and blockade against it are human rights atrocities untold in human history. The hostile forces are blocking its humanitarian activities, not to mention its normal trade with other countries.

In spite of this, the Western countries are desperately trying to internationalize the "north Korean human rights issue," which is truly the case of a thief crying for thief. Their real intention is to cover their human rights crimes by branding the DPRK, the victim of their violations, as the accused at all costs and, still further, execute their plans to isolate socialist Korea from the international community and stifle it by whatever means.

The DPRK Seen through Women's Rights

The definition and realization of women's social position and rights depend on the type of society they live in. The women's rights issue can show the true nature of a society.

Then, how are they ensured in the Democratic People's Republic of Korea?

First, women's dignity and personality are guaranteed by law in the country.

It has taken legislative and practical measures so that women can possess and exercise equal rights with men in all fields of the state and social life. More than seventy years ago, the Law on Sex Equality was adopted to ensure women's equality and political rights. The Socialist Constitution, the law on providing women's rights, socialist labour law and others guarantee their rights in the political, economic, cultural and all other fields. Women's dignity and personality are respected thanks to the state and social policies, and this has become a universal climate and virtue of the society.

Second, they freely take part in the state and social activities as legitimate masters of the country, making proactive contributions to social development.

They are eligible for deputyship to the Supreme People's Assembly and fully exercise their political rights in the ruling Workers' Party of Korea, working people's organizations and other political organizations. Not a few of them hold responsible positions in their respective organs. Women are playing active and prominent roles in the fields of science, education, public health, arts and sports. What should be mentioned in particular is the fact that they exercise all their rights as equal and free members of society regardless of social position, stratum and property status. They are free from unemployment, human trafficking, domestic violence and all other fetters and forms of inequality.

Third, they enjoy special benefits from the state.

The nurseries, kindergartens and public amenities set up in residential quarters, factories, enterprises and cooperative farms make it possible for them to take part in production and social activities feeling no inconvenience. There are hospitals dedicated to women such as the Breast Tumour Institute of the Pyongyang Maternity Hospital, and it is the government policy to diagnose early and treat the women's diseases. It is not uncommon that the state sends even an airplane and takes all necessary measures for a woman and her premature baby. The country encourages women to have many children; it assigns doctors to the women who gave birth to triplets or quadruplets and provides them with houses on a preferential basis. There are many other special benefits for them. And those with many children are awarded with the title of "Mother Hero."

An Irish woman said: If I can be born again, I want to be born a Korean woman; the DPRK is a real heaven for women, in which their genuine rights and dignity are ensured at the highest level.

Why Does the West Deny the Reality of the DPRK?

Foreigners on a visit to the Democratic People's Republic of Korea are surprised to see that the reality of the country is quite different from how it is described by the West. In fact, it is almost impossible to find an article which fairly assesses the reality of the country in the publications of the Western countries including the US.

Then, why does the West deny its reality? It is necessary to observe its reality in comparison to the reality in the West.

Every citizen in the DPRK has a right to elect and to be elected. Workers, farmers and intellectuals can be elected deputies to people's assemblies at all levels including the Supreme People's Assembly (Parliament in the Western countries), and participate directly in the state administration. In the West, however, the right to elect and to be elected is granted according to the duration of residence and property status. It is rare that workers and peasants are elected to the Parliament or local councils.

Unemployment always exists in any Western country no matter how developed it may be, but there is no word unemployment in the DPRK. The state provides all citizens of working age with suitable jobs according to their wishes and aptitudes.

There are no homeless people in the country. The state provides houses to the working people free of charge. Ordinary workers and office employees live in the excellent apartment houses in Mirae Scientists and Ryomyong streets in Pyongyang, which are admired by many people in the world. When flooding hit the country last year, the state built new houses for the flood victims through an all-out drive. The newly-built houses numbered over 20 000.

The Korean people are not concerned about nursing, education and medical treatment. The state bears the whole burden of looking after and bringing up children. University and extracurricular educations, to say nothing of primary and secondary educations, are free. The state enforces universal 12-year compulsory education, which is a high level in the world. Ri (dong), which is the lowest administrative unit in the country, has a hospital or clinic, and residents have doctors assigned to them. Anyone receives free medical care.

Such facts, if known to the international community, will be nothing but the biggest trouble for those who are trying to isolate and stifle the DPRK. That is why the West is so enthusiastic about tarnishing the image of the DPRK.













## किन सम्झिने...

आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका थिए। बीपीको समाजवादलाई चुनौती दिँदै उनले नयाँ जनवादको राजनीतिक कार्यदिशा अघि सारेका थिए। नौलो जनवादी क्रान्ति सम्पन्न गरेर मात्र समाजवादमा पुग्न सकिने उनको राजनीतिक विश्लेषण थियो। अहिले पनि सीपी मैनालीले नेतृत्व गरेको माले लगायत कतिपय कम्युनिस्ट पार्टीहरूले नौलो जनवादकै लाइन लिएर अघि बढिरहेका छन्। तर नौलो जनवादलाई अंगिकार नगर्ने नेकपा एमालेले समेत पुष्पलाललाई मार्गदर्शक नेताका रुपमा लिनु भने आश्चर्य नै छ।

पुष्पलाल, मनमोहन र मदन भण्डारीको फोटो सजाउने एमालेले पुष्पलाललाई पनि मदन भण्डारीकै विचारमा समाहित गरेको देखिन्छ। भण्डारीको बहुदलीय जनवादले पुष्पलालको नौलो जनवादसँग कुनै नाता राख्दैन। बरु बहुदलीय जनवादलाई कम्युनिस्ट आन्दोलनकै विसंगति भन्न सकिन्छ। एन्टिनियो ग्राम्सीद्वारा प्रतिपादित बहुदलीय जनवाद बोकेर एमालेले मार्क्सवादी लेनिनवादी पुच्छर झुण्ड्याइरहेको छ।

कम्युनिस्ट पार्टीको स्थापनापछि पुष्पलालले पार्टीको कार्यक्रम समेट स्पष्ट पारे। नेपाल अर्धसामन्ती र अर्धऔपनिवेशिक रहेकाले नयाँ जनवादी क्रान्ति आवश्यक रहेको विश्लेषण गरे। सोही अनुसार नेकपाले सामन्तवाद, साम्राज्यवाद विरोधी नेपाली क्रान्तिको दिशालाई अंगिकार गरेको थियो। पुष्पलालले नेकपाको स्थापना गर्दैगर्दा समाजलाई हेर्ने वैज्ञानिक दृष्टिकोण बनिसकेको थिएन। समाजमा ईश्वरवादी धारणा व्याप्त थियो। कम्युनिस्ट पार्टीको निर्माण भएपछि नेपाली कम्युनिस्ट आन्दोलनमा ऐतिहासिक भौतिकवादी दृष्टिकोण आरम्भ भयो। संसार ईश्वरमा अडेको छ भन्ने पुरातन ईश्वरवादी मान्यता खण्डित हुन पुग्यो। पुष्पलालले ऐतिहासिक भौतिकवादी दृष्टिकोणमा विश्लेषण गर्ने काम गरे। उनले नेपाली समाजको गहिरो अध्ययन गर्दै समाजको स्वरुपलाई वैज्ञानिक तथ्यका आधारमा चिनाए। यति मात्र होइन पुष्पलालले नेपाली समाजको वर्ग विश्लेषण गरेर वैचारिक देन पनि दिए। नेपाली समाजमा रहेका वर्गहरूको भूमिका र तिनीहरूबीचको अन्तर्विरोध अध्ययन गर्दै पुष्पलालले समाजलाई हेर्ने द्वन्द्ववादी दृष्टिकोणको विकास गरे। पुष्पलालले गरेको नेपाली समाजको विश्लेषणलाई नै नेपालका कम्युनिस्ट घटकहरूले वर्गीय चरित्रको विश्लेषणको आधार मानिरहेका छन्।

नेपाली समाजको सामाजिक अन्तर्विरोधलाई पनि पुष्पलालले नै केलाएका हुन्। सामन्तवाद, दलाल, नोकरशाही पुँजीवाद र साम्राज्यवादसँग जनता र राष्ट्रका आधारभूत अन्तर्विरोधहरू रहेका र ती अन्तर्विरोधमध्येको आन्तरिक अन्तर्विरोध नै प्रधान रहेको निचोड पुष्पलालले निकालेका थिए। अन्तर्विरोध राजतन्त्र र जनताबीच रहेको र जनसंघर्षलाई राजतन्त्रविरुद्ध केन्द्रित गरिनुपर्ने धारणा प्रस्तुत गर्ने नेपालको पहिलो कम्युनिस्ट नेता पुष्पलाल नै हुन्। २००५ सालमा कम्युनिस्ट घोषणापत्र अनुवाद गर्दा पुष्पलालले त्यसको भूमिकामा जुन लेखेका छन् त्यो नै नेपाली समाजको पहिलो मार्क्सवादी विश्लेषण मान्न सकिन्छ। सो लेखमा उनले वर्गीय द्वन्द्व, सामाजिक असमानता, शोषण उत्पीडन वर्गीय मुक्तिको सन्दर्भमा समेत प्रस्ट विश्लेषण गरेका छन्।

पुष्पलालले नै निरंकुश पञ्चायती व्यवस्थाविरुद्ध कम्युनिस्ट र कांग्रेस मिलेर संयुक्त आन्दोलनमा जानुपर्ने प्रस्ताव अघि सारे। तर कांग्रेसले त्यसलाई अस्वीकार गर्दा पञ्चायत लामो समय टिक्यो। पुष्पलाल दिवंगत भएको एकदशकपछि कांग्रेस र वाममोर्चाले संयुक्त जनआन्दोलनको आँधीबेहरी ल्याए। पंचायत ढल्यो निरंकुश राजा संविधानभित्र बाँधिए। यस्ता सैद्धान्तिक विचारक पुष्पलाललाई २००८ सालमा पहिलो सम्मेलनबाटै महासचिवबाट हटाइयो र मनमोहन अधिकारी महासचिव भएका थिए। २०१० को पहिलो महाधिवेशनबाट त पुष्पलाललाई भित्तामै पुऱ्याइयो। पुष्पलालले वामपन्थी एकतामा भने जोड दिएको पाइँदैन। जे होस् पुष्पलाललाई 'गद्दार' भन्नेहरूले पनि उनको देनलाई स्वीकारेका छन्। पुष्पलाल कम्युनिस्ट आन्दोलनका एक युगपुरुष नै हुन्।

## कालापानीमा...

बताउने गरेका छन्। कालीको र लिपुलेकसहितका करिब ३८५ वर्गकिलोमिटर नेपाली भूभागमा कब्जा जमाएको छ। ब्रिटिश भारतले प्रकाशन गरेको पुराना नक्साहरूले यी भूभाग नेपालको भन्ने प्रस्ट देखाउँछन्। लिपुलेक क्षेत्रको रणनीतिक महत्व बुझेर भारतले चीनसँग गरेका विभिन्न मितिका समझदारीले यो भूभागसम्बन्धी विवाद थप पेचिलो बनाएको छ। नेपालले लिम्पियाधुरा कालापानी र लिपुलेक समेटेर नयाँ राजनीतिक र प्रशासनिक नक्सा प्रचलनमा ल्याए पनि भारतले त्यसलाई कुनै वास्ता गरेको छैन। न त नेपालले सीमा विवाद सुल्झाउन पटक पटक वार्ताको प्रस्ताव गर्दा नै भारतले कुनै चासो प्रकट गरेको छ।

सीमा विवादकै कारण नेपाल र भारतबीच लामो समयसम्म कूटनीतिक संवादहीनताको अवस्था रह्यो। तर भारतले धार्चुला लिपुलेक सडक निर्माणलाई भने रोकेन। नेपालमा राजनीतिक उतारचढाव भइरहेकै अवस्थामा भारतीय बाह्य खुफिया एजेन्सी 'रअ' का प्रमुख सामन्त गोयल २०७७ कात्तिक ५ मा काठमाडौं आएर तत्कालीन प्रधानमन्त्री केपी ओलीसँग भेटवार्ता गरेपछि दुई मुलुकबीचको समन्वयमा केही सहजता भयो। त्यसपछि भारतबाट स्थल सेनाध्यक्ष मनोज मुकुन्द नरवाणेले नेपालको भ्रमण गरे।

भारतीय सत्तारुढ दल भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख विजय चौथाइवालाले पनि नेपालको भ्रमण गरेपछि नेपाल भारतबीचको कूटनीतिक वार्ता अघि बढ्ने वातावरण बनेको थियो। नेपाल भारत परराष्ट्र सचिवस्तरीय वार्ता काठमाडौंमा भयो। भारतका विदेश सचिव हर्षबर्द्धन शृंगला मंसिर २६ र २७ गते नेपाल आए। तर मुलुकका अन्य स्थानका सीमा सम्बन्धमा वार्ता भए पनि कालापानी क्षेत्रको भूभागबारे छलफल नै भएन। भारतले यो विषयलाई वार्ताको एजेन्डा नै बनाएन। नेपालले कुरा उठाए पनि भारतीय विदेश सचिवले चासो देखाएनन्।

पछि तत्कालीन परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली माघ १ मा दिल्ली गएर भारतीय रक्षामन्त्री राजनाथ सिंहसँग भेटवार्ता गरेर फर्किए पनि सीमाबारे के कुरा भयो भन्ने खुलासा हुन सकेन। ज्ञवालीले काठमाडौं फर्किए लगत्तै सीमा समस्या छिटो समाधान गर्न दुवै मुलुक प्रतिबद्ध रहेको मात्र सञ्चारकर्मीलाई बताए।

कालापानी लिपुलेक र लिम्पियाधुरामा भारतीय अतिक्रमणको समस्यालाई वार्ताद्वारा समाधान गर्ने भनेर राजनीतिक रुपमा सहमति भए पनि भारतीय पक्षले अटेर गर्दै आएको छ। भारतले महाकालीको प्राकृतिक बहावलाई असर पार्ने र नदीको धार नेपालतर्फ धकेल्ने प्रकृतिका गतिविधि रोकेको छैन। भारतीय पक्षले महाकाली नदीतटीय क्षेत्रमा कतै सीमा अतिक्रमण र अनधिकृत रुपमा भौतिक संरचना निर्माण गरेको छ भने नेपाली भूभागलाई नोक्सान पुऱ्याउने गरी पारिपट्टि सडक खनिरहेको छ। सामरिक हिसाबले अतिमहत्वपूर्ण ठाउँमा भारतीय अतिक्रमणजन्य र एकतर्फी सीमावर्ती संरचना निर्माण हुँदा त्यसलाई रोक्न सरकारले प्रभावकाली प्रयास गरेको देखिँदैन। औपचारिकता पूरा गर्न भारतीय पक्षलाई कूटनीतिक र प्रशासनिक रुपमा ध्यानाकर्षण गराइहाले पनि भारतले भने कुनै चासो दिएको छैन।

मानसरोवर जोड्ने ७८ किलोमिटर लामो धार्चुला लिपुलेक सडक खण्डमध्ये नेपालको १९ किलोमिटर भूभागमा भारतले नेपाललाई जानकारी नै नदिई सडक निर्माण गरिरहेको छ। दार्चुला सदरमुकाम खलंगामा महाकाली नदीको धार नेपालतर्फ धकेल्ने गरी करिब डेढ सय मिटर तटबन्ध भारतले निर्माण गरेको छ। ब्यास गाउँपालिकाको घाँटीबगर क्षेत्रमा नेपाली सेनाबाट नर्मिाणाधीन घोडेटो बाटोमा भारतले अवरोध पुऱ्याइरहेको छ। पछिल्लो समयमा ब्यासकै दुम्लिङ कल्जु गाउँ जोडिने महाकाली किनारकै नेपालतर्फकै घोडेटो गोरेटो भारतीयबाट भत्काइएको छ।

ब्यास गाउँपालिका १ छाङरु नजिकै सीतापुल संरक्षणमा नेपालले प्रयास गर्दा पनि भारतले एक महिना बढी समय व्यवधान गरेको थियो। छाङरु नजिकै महाकाली नदी हुँदै नेपाल भारत आउजाउ गर्न बनाइएको पुलको संरक्षणमा समन्वय गर्न महाकाली नदी नियन्त्रण आयोजनाले गरेको आग्रहलाई भारतले बेवास्ता मात्रै गरेन एक महिनासम्म काम अघि बढाउनै दिएन। सीतापुल बेलायतको उपनिवेशबाट भारत स्वतन्त्र हुनुअघि नै सञ्चालित काठेपुल हो। वर्षायाममा बाढीले पुल बगाउने सम्भावना भएकाले त्यसलाई रोक्न नदीको स्थायी धार फेरबदल हुन नदिने गरी नेपालले तटबन्ध बनाउन खोज्दा भारतले रोकेको थियो। अन्तर्राष्ट्रिय कानुनअनुसार सीमा क्षेत्रमा तटबन्ध सडक लगायत पूर्वाधार निर्माण गर्न पाइँदैन। तर भारतले बलमिच्याइँ गर्दै आएको छ।

## यातायात...

निर्धारण गर्नुपर्ने, ट्याक्सीको सुरुवाती कल निर्धारण हुनुपर्ने, लकडाउनको समयको कागजपत्रको कर, राजस्व र जरिवाना छुट गर्नुपर्ने, मौद्रिक नीतिमा यातायातको समस्यालाई सम्बोधन गर्नुपर्नेलगायतका माग राखेका छन्। यस्तै, स्तरीय २० वर्षे सवारीसाधनको म्याद थप गर्नुपर्ने, यातायात बिमा नीति परिमार्जन हुनुपर्ने र सडक कानुन लागू गर्नुपर्ने उनीहरूको माग छ।

वातावरण

# चुरे क्षेत्रमा वैज्ञानिक उत्खनन् आवश्यक-२



गणेश पराजुली

**प्राकृतिक वनौटका कारण एकातर्फ हाम्रो अवस्था यस्तो छ भने अर्कोतर्फ हामी विकास र समृद्धिको यात्रामा छौ। यस्तो परिस्थितिमा प्राकृतिक सन्तुलन कायम राख्दै संवृद्धिको यात्रालाई निरन्तरता दिन सडक, रेल, जलविद्युत परियोजना जस्ता विकासका पूर्वाधारहरू निर्माणका लागि आवश्यक निर्माण सामग्रीहरूको जोहो गर्नुपर्ने अवस्था छ।**

**चुरे संरक्षणको दीर्घकालीन गुरूयोजना मा के छ ?**

चुरे संरक्षणको दीर्घकालीन गुरूयोजनाले भौगर्भिक, भौगोलिक अवस्था र परिस्थितिकीय प्रणाली अनुकूल चुरे पहाडर भावर क्षेत्रका प्राकृतिक स्रोतहरू को दिगो व्यवस्थापन सुनिश्चित गरी त्यहाँ बसोबास गर्ने व्यक्ति तथा समुदायको जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपबाट हुन सक्ने क्षति न्यूनीकरण मा जोड दिएको छ। चुरे पहाड, दुन र तराई मधेशमा जल-उत्पन्न प्रकोपबाट हुन सक्ने क्षति न्यूनीकरणको साथै वातावरणीय सेवा प्रवाहको निरन्तरता दिँई राष्ट्रिय वनमा पहुँच नरहेका खासगरी तराई मधेशका वासिन्दाहरूलाई लाई काठ, दाउरा र अन्य इन्धन स्रोतको उपयोगमा पहुँच वृद्धि गर्ने गुरु योजनाको लक्ष छ।

यो लक्ष पुरा गर्नका लागि त्यस क्षेत्रमा प्राकृतिक स्रोत क्षय/ह्रास न्यूनीकरण गर्ने,जलवायु परिवर्तन तथा जल उत्पादन प्रकोप जोखिम प्रभाव न्यूनीकरण गर्ने एकीकृत नदी प्रणाली स्रोत व्यवस्थापन पूर्वधार तयार गर्ने, उपल्लो जलाधार क्षेत्रका भू-स्खलनग्रस्त क्षेत्र स्थिरिकरण गर्ने, नदी कटान तथा डुवानबाट हुने क्षति न्यूनीकरण गर्ने,वन क्षेत्र बाहिर वन विस्तार गर्ने, नवीकरणीय उर्जा प्रविधि विस्तार लगायतका कार्यक्रमहरू सञ्चालनमा आएका छन् यद्यपी परिणाम आशातित छैन। चुरे संरक्षणमा प्राप्त उपलब्धिहरूलाई कसरी अझ परिणाममूखी वनाउन सकिन्छ त्यसतर्फ सरोकारवाला निकायहरू वीच समन्वय कायम गरी थप शसक्त परिणाम तर्फ क्रियाशिल रहनु पर्नेमा विवादास्पद कुराहरू स्वयं सरकारी पक्षवाट आउनु दुःखद हो।

**चुरेमा नदीजन्य सामग्री उत्खनन गर्न नहुने नै हो त ?**

चुरे क्षेत्रहुदै वग्ने नदीनालाहरूका विभिन्न स्थानवाट सावधानीपूर्वक नदीजन्य सामाग्रीहरूको वैज्ञानिक उत्खनन जरुरी रहेको कतिपय संरक्षणकर्मीहरू वताउदछन्। चुरे संवेदनशील क्षेत्र भएको कुरामा कसैको दुईमत नरहेको भएतापनि यसको संरक्षणका लागि वढी प्रभावित निश्चित नदीवाट व्यवस्थित एवं वैज्ञानिक रुपमा नदीजन्य सामाग्रीहरूको उत्खनन् को आवश्यकता रहेको उनीहरूले औल्याउदै आएका छन्।

चुरेको माथिल्लो जलाधार क्षेत्रवाट वगेर आएको थेगरका कारण चुरेक्षेत्रवाट वहने अधिकांश नदीको सतह माथि उठेको र त्यसले वगर निर्माणमा वढोत्तरी ल्याएकाले नदी व्यवस्थापनका लागि यसो गर्नु जरुरी रहेको उनीहरूको तर्क छ। विज्ञहरूका अनुसार चुरे क्षेत्रका नदीहरूमा नदीजन्य सामाग्रीहरू उत्खनन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनका आधारमा प्रत्येक उत्खनन गर्ने स्थलको लम्बाइ, औसत गहिराइ, चौडाइ, अनि उत्खनन गरिने परिमाण एकीनगरेर मात्र गरेर मात्र गर्नुपर्ने हुन्छ। नदीको पुल भएको स्थानको हकमा भने त्यसको पाँच सय मिटरवरपर भने त्यस्तो प्रकारको उत्खनन गर्न नहुने उनीहरूको मत रहदै आएको छ।

उनीहरूको यो तर्कसँग सहमत हुदै चुरे व्यवस्थापनकोदीर्घकालीन गुरुयोजनामा समेत व्यवस्थित र वैज्ञानिक ढङ्गले निश्चित ठाउँबाट निश्चित परिमाणमा नदीजन्य सामग्री उत्खनन गर्न सकिने उल्लेख छ। माथिल्लो तटीय जलाधार क्षेत्रबाट बगेर आएको थेगर थिग्रेर नदी सतहमाथि उठेको स्थलबाट व्यवस्थित रुपमा उत्खनन गर्नाले निर्माण सामग्रीको रूपमा ती वस्तु प्रयोग गर्न सकिने जसले नदी बगर फैलावट नियन्त्रण गर्न सकिने गुरुयोजनाले प्रष्ट भनेको छ। यसरी उत्खनन गरिने वस्तुको परिमाण वार्षिक रूपमा थिग्रने थेगरको परिमाणभन्दा बढी हुन भने नहुने गुरुयोजनामा उल्लेख छ।

**चुरे समस्याको सामधान के त ?**

चुरे क्षेत्रको अवैध प्राकृतिक दोहनलाई रोकी यसको दीगो संरक्षणका लागि स्थापित निकायहरूलाई थप क्रियाशिल वनाउदै निर्मित नियम/ कानुन र योजनाहरूको शसक्त कार्यान्वयन नै चुरे समस्याको दीगो सामधान हो। यसका लागि सरोकारवाला निकायहरूवीच समन्वय कायम गरी जनचेतना अभिवृद्धि गर्नु जरुरी हुन्छ।यस्का साथै स्थानिय निकायले कुनैपनि संरचना निर्माण गर्दा वा प्राकृतिक स्रोतको उत्खनन् गर्दा अनिवार्य रुपमा वातावरणीय अध्ययन गरेर मात्र गर्नपाउने र अवैध उत्खनन् लाई कडा दण्डनिय वनाई तत्काल कार्यान्वयनमा ल्याउन सकियो भने त्यसले चुरे संरक्षणमा अनुकुल प्रभाव पार्न सक्छ।

**अन्त्यमा,**

स्थानिय सरकारको रुपमा रहेका स्थानिय निकायहरूले चुरे क्षेत्रमा वातावरणीय अध्ययन वेगर यत्रतत्र निर्माण गरिरहेका सडक लगायतका भौतिक संरचनाहरू कासाथै त्यस्ता निकायहरूको प्रत्यक्ष परोक्ष संलग्नतामा तस्करहरूवाट भएको अन्धधुन्द प्राकृतिक स्रोतहरूको दोहन लगायतका कारणले चुरे क्षेत्रमा हाल दश हजारभन्दा धेरै स्थानहरू पहिरोको उच्च जोखिममा परेका छन्। चुरे यस्तो कमजोर भूवनौट रहेको क्षेत्र हो जहाँ कुनै पहाडमा अलिकति मात्र खोस्रिने हो भने त्यसले दशकौंसम्म त्यहाँको जमिन अस्थिर वनाउने भएकाले यस क्षेत्रमा कुनै पनि गतिविधीहरू गर्नु पूर्व विशेष सावधानी र सर्तकता अपनाउनु पर्ने हुन्छ।

प्राकृतिक वनौटका कारण एकातर्फ हाम्रो अवस्था यस्तो छ भने अर्कोतर्फ हामी विकास र समृद्धिको यात्रामा छौ। यस्तो परिस्थितिमा प्राकृतिक सन्तुलन कायम राख्दै संवृद्धिको यात्रालाई निरन्तरता दिन सडक, रेल, जलविद्युत परियोजना जस्ता विकासका पूर्वाधारहरू निर्माणका लागि आवश्यक निर्माण सामाग्रीहरूको जोहो गर्नुपर्ने अवस्था छ। त्यस्ता निर्माण सामाग्रीहरू कमजोर भूगोल भएका क्षेत्रवाट हैन सुदृढ खानी क्षेत्रवाट विस्तृत रुपमा वातावरणीय अध्ययन गरी यथोचित रुपमा तिनीहरूको उत्खनन गरी समृद्ध नेपालको आकाक्षा परिपुर्ति गर्ने तर्फ हाम्रा प्रयासहरू केन्द्रित हुन जरुरी छ। त्यसो गर्न सकियो भने मात्र संमृद्धि र वातावरण वीच सन्तुलन कायम भई दीगो विकासको लक्ष पुराहुन सक्छ। नत्रविकासका नाममा गरिने प्राकृतिक स्रोतजन्य समाग्रीहरूको अन्धधुन्ध उत्खनन जन्य गतिविधिहरूले विकास हैन विनासतर्फ डोहोऱ्याउने निश्चित छ।

ajenepal@yahoo.com

## सकसकमा...

देउवाले सरकारमा ल्याउनैपर्ने बाध्यता छ। जसपा विभाजितै भए पनि ठाकुर पक्षलाई पनि सरकारमा जान तयार भएकाले उसलाई अलग्याउन देउवालाई नैतिकताले दिँदैन। संविधानबमोजिम २५ सदस्यीय मन्त्रिपरिषद् बनाउनुपर्ने हुन्छ। कांग्रेसभित्रकै पौडेल र सिटौला समूहलाई पनि मन्त्रिपरिषद्मा नसमेटी देउवालाई धर छैन। जसपाको उपेन्द्र यादव पक्षले पनि सात मन्त्रालय मागिरहेको छ। जनमोर्चाले भने सरकारमा सहभागी नहुने बताएको छ।

देउवालाई संसदभित्र विश्वासको मत लिन जति सकस परेको थियो अहिले मन्त्रिपरिषद्मा भागबन्डा मिलाउन झन् ठूलो सकस देखिएको छ। मालदार मानिने मन्त्रालयमा जसपाले दाबा गरिरहेको छ। महत्वपूर्ण मानिने परराष्ट्रमा पौडेल पक्षको आँखा गढेको छ। उपप्रधानसहित परराष्ट्रमा सुजाता कोइरालाको सम्भावना रहेको बताइन्छ। कसले कुन मन्त्रालय पाउने भन्ने टुंगो अझै लागेको छैन।

## पुष्पलाललाई...

उहाँले पुष्पलाल नेपाली कम्युनिस्ट आन्दोलनका पथप्रदर्शक हुनहुन्थ्यो भन्दै पुष्पलालको योगदानबारे विस्तृत रुपमा प्रकाश पार्नुभएको थियो।

सो अन्तर्क्रिया कार्यक्रममा बोल्दै स्थायी समिति सदस्य सुरेन्द्र ढकालले पुष्पलालको नौलो जनवादको लाइन त्यागेर कथित बहुदलीय जनवाद अँगाल्ने एमाले वास्तविक कम्युनिस्टहरूको पार्टी नभएको बताउनुभयो। पुष्पलाललाई वर्षमा एकपटक सम्झिएर मात्र हुन्न उहाँले देखाउनुभएको पथमा अविचलित अघि बढेर नौलो

जनवाद स्थापना गरी समाजवादको बाटो तय गर्न जरुरी छ भन्नुभयो।

स्थायी समिति सदस्य कृष्ण राना, सीता खड्काले पनि अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्नुभयो। स्थायी समिति सदस्य डम्बर श्रेष्ठको सभापतित्व रहेको सो अन्तर्क्रिया कार्यक्रमको सञ्चालन महेन्द्र शाहले गर्नुभएको थियो।

## एमाले...

एमालेको भविष्य देखिएको छ।

उता नेपाललाई पनि पार्टी एकताका लागि दबाब बढेको छ। पार्टी उपाध्यक्ष युवराज ज्ञवाली, उपमहासचिव घनश्याम भुसाल, स्थायी कमिटी सदस्यहरू मुकुन्द न्यौपाने र रघुजी पन्तले पार्टी एकता कायम राख्नुपर्ने, कार्यदलले दिएको १० बुँदे प्रस्ताव कार्यान्वयनमा दबाब दिनुपर्ने, नेताहरूमाथि हुने गालीगलौज र अनैतिक गतिविधि रोक्नुपर्ने तथा स्पष्टीकरणका नाममा एकता र १० बुँदे सहमति कार्यान्वयनमा अवरोध गर्न नहुने बताएका छन्।

नेपालले पनि आफू सम्मानजनक एकताको पक्षमा रहेको जानकारी दिएका छन्। आफू पक्षीय नेताहरूको भेलामा वरिष्ठ नेता नेपालले अहिलेको अवस्थामा आफुहरूको अडान र विचारले जितेको बताएका थिए। बैठकमा ओली पक्षबाटै पार्टी एकता विरोधी कार्य भइरहेकोमा चिन्ता व्यक्त गरिएको थियो।

एकताका लागि भन्दै तेस्रो तहका नेता पनि सक्रिय भएका छन्। दीपकप्रकाश भट्ट, झपट रावल, राजबहादुर बुढा, नारायण खतिवडा, सूर्य पाठक, कृष्ण दाहाल लगायत १० जना नेताले दबाब अभियान सुरु गरेका छन्। एमाले विभाजन भए त्यसको प्रत्यक्ष लाभ नेपाली कांग्रेसले नै पाउँछ। कांग्रेस सभापति समेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवा माधव नेपाल समूहलाई समेत सरकारमा सहभागी गराउन प्रयासरत छन्। यदि नेपाल समूह सरकारमा सहभागी भए एमाले एकताको सम्भावना रहँदैन। देउवालाई विश्वासको मत दिने वा बहिष्कार गर्ने नेपाल पक्षीय सांसदहरूलाई ओली पक्षले सर्वोच्चको धारा ७६ (५) को व्याख्या बमोजिम कारबाही गर्न सक्दैन। बहुदलीय व्यवस्थामा पार्टी विभाजन हुनु र कमजोर हुनुलाई राम्रो मानिँदैन। यदि एमाले विभाजित भए नेपालको कम्युनिस्ट आन्दोलनले ठूलो क्षति व्यहोर्नुपर्ने विश्लेषण गरिँदैछ।

## जसपामा...

गतेदेखि आफ्नो काम थालेको थियो। निर्वाचन आयोगमा अहिले यादव र ठाकुर पक्षका कानुन व्यवसायीले बहस गरिरहेका छन्। आयोगले पहिलो चरणको बहसपछि दुवै पक्षलाई आफ्नो सक्कल कागजात पेस गर्न आदेश दिएको थियो। यादव पक्षले पार्टीको कार्यकारिणी समितिमा आफ्नो बहुमत भएको दबी गरेको छ। यादव पक्षका कार्यकारिणी सदस्यहरू आधिकारिकता दाबी गर्दै सशरीर आयोग पुगेका थिए। यता ठाकुर पक्षले भने पुस ७ गतेको बैठकले आफूलाई कार्यकारी अधिकार दिएको र त्यसको आधारमा कार्यकारिणीमा हेरफेर गरेको बताएको छ। यादव पक्षले त्यसलाई फर्जी र किर्ते भएको बताउँदै आएको छ।

## बैंक सिस्टम...

बैंकहरूको प्रणाली सुरक्षित रहेको स्पष्ट पारेको छ। राष्ट्र बैंक र नेपालका बैंकहरूको प्रणाली सुरक्षित रहेको नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बताए। बैंकले प्रयोग गर्ने फायर वालहरू सुरक्षित र ठिक अवस्थामै पाएको र अन्य बैंकहरूले पनि आफ्नो प्रणाली सुरक्षित रहेको जानकारी केन्द्रीय बैंकलाई गराएको गभर्नर अधिकारीले बताए। यस्ता धम्कीहरूबाट सचेत रहनुपर्ने भन्दै गभर्नर अधिकारीले यसबाट बिचलित नहुन आग्रह गरे। ह्याकरहरूले पठाएको इमेलमा राष्ट्र बैंक, कुमारी बैंक, नेपाल बैंक, माछापुच्छ्रे बैंक, एनएमबी बैंक, एनआईसी एसिया बैंक, राष्ट्रिय वाणिज्य बैंक, सिटिजन्स इन्टरनेसनल बैंक, बैंक अफ काठमाण्डु, नबिल बैंक, सानिमा बैंक, एभरेस्ट बैंक, हिमालयन बैंक र नेपाल इन्भेस्टमेन्ट बैंकको नाम उल्लेख छ। अपरिचत इमेलमा २४ घण्टाभित्र ह्याक गर्ने धम्की दिइएको छ।

## विषादीसहित...

कालीमाटी शाखामा आरबीपीआर परीक्षण गर्न सकिन्छ। तर कर्मचारी अभावका कारण पोखराबाट हुन सकेको छैन।

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको तथ्यांकअनुसार उपत्यकाका लागि कालीमाटी तरकारी बजारमा दिनमा करिब ८ सय टन तरकारी भित्रिन्छ। यसले उपत्यकाको मागको करिब ७५ प्रतिशत धान्छ। कालीमाटीमा भित्रिने तरकारीमध्ये करिब ४५ प्रतिशत भारतबाटै आउँछ। भारतबाट सिजनल तरकारी आयात हुन्छ। फलफूलमा भने मागको करिब ७५ प्रतिशत फलफूल आयात हुने गरेको नेपाल फलफूल थोक व्यवसायी संघले जनाएको छ।

स्वदेशमा केरा, आँप, सुन्तला र स्याउ उत्पादन भए पनि परिमाण नगण्य छ। अधिकांश फलफूल भारतबाटै आयात गरिए पनि परीक्षणमा सरकारी निकाय लाचार छन्। कृषिजन्य वस्तु भारत निर्यात गर्दा भन्सार शुल्क लाग्दैन तर क्वारेन्टाइन र विषादी परीक्षण हुन्छ। कृषि मन्त्रालयअन्तर्गतको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागसँग अत्याधुनिक प्रयोगशाला छ। काठमाडौंस्थित उक्त प्रयोगशालामा परीक्षण गर्न सकिने भए पनि विभागले चासो दिएको पाइँदैन।

## अष्ट्रेलिया...

हटाइएकाले अष्ट्रेलियाको संघीय सरकारमाथि पनि दबाब छ। अहिलेसम्म अष्ट्रेलियामा १४ प्रशितभन्दा कम मानिसले मात्र कोरोना खोप लगाएका छन्। यो दर विश्वका शक्तिशाली विभिन्न ३८ मुलुकको संगठन ओईसीडीमा आवद्ध देशबीच तुलना गर्दा सबैभन्दा कम हो। मुलुकमा कोरोना खोप लगाउने गति निकै सुस्त भएको भन्दै अष्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनको आलोचना भइरहेको छ। तर मोरिसनले अष्टेलियाले कोरोना भाइरसको संक्रमण निकै कममा राख्न सफल भएको दावी गरेका छन्। अहिलेसम्म अष्ट्रेलियामा कोरोना संक्रमणको कारण ९१५ जनाको मृत्यु भएको छ।

कोरोना महामारी नियन्त्रणका लागि सीमा नाका बन्द गर्ने, क्वारेन्टिनको नियम ल्याउने र लकडाउन गर्नेजस्ता उपाय अपनाएको भन्दै प्रधानमन्त्री मोरिसनको प्रशंसा हुँदै आएको थियो। तर पछिल्लो महिनामा देखिएको कोरोनाको डेल्टा भेरियन्टले भने अष्ट्रेलियाले अपनाएको रोकथामका उपायलाई चुनौती दिएको छ।

डेल्टा भेरियन्टको संक्रमण फेला परेपछि अष्ट्रेलियाको ठूलो सहर सिड्नीमा मात्रै १५ सयभन्दा धेरै मानिस संक्रमित भइसकेका छन्। बुधबारमात्र ११० नयाँ संक्रमित थपिएका छन्। जबकी सिड्नीमा अहिले चौथो साताको लकडाउन चलिरहेको छ।

अहिले मानिसहरूलाई खाद्य सामग्री किन्न र अन्य अत्यावश्यक कामबाहेक घरबाहिर जाने अनुमति छैन। संक्रमण बढिरहेकाले आगामी सेप्टेम्बरसम्म पनि यो लकडाउन लम्बिनसक्ने आशंका छ।

## रसुवा नाका...

रोग नियन्त्रणका लागि पहिलो चरणदेखिनै नेपाल-चीनबीचको रसुवागढीस्थित लेहेन्देखोला मितेरी पुलबाट केरुङका लागि सवारी साधनका साथै मानिसको आवागमनसमेत बन्द भई सामग्री आयातमा कमी भएका कारण राजस्व असुलीमा गिरावट आएको भन्सार कर्मचारी बताउँछन्। कोभिड सङ्क्रमणको पहिलो लहरअन्तर्गत केही महिना ठप्प भएको आयात दुई देशीय वार्तापछि चिनियाँ सवारी साधनले नै रसुवागढी सामान पुऱ्याउने सहमतिअनुरुप पुनः कारोवार सञ्चालन भएको थियो।